
उत्तरगया उत्तरवाहिनी परिचय पुस्तिका



प्रकाशक

कान्ति भैरव उत्तरगया क्षेत्र व्यवस्थापन समिति

कान्ति भैरव गुरुकुल विद्यालय



स्व. शीतलमान प्रधान साधनामा



प्रा.डा. ऋषिराम पोखरेल कथा वाचन गर्दै

॥ श्री ॥

उत्तरगया उत्तरवाहिनी
संक्षिप्त परिचय



लेखक
प्रा.डा. ऋषिराम पोखरेल



प्रकाशक
कान्ति भैरव उत्तरगया क्षेत्र व्यवस्थापन समिति
कान्ति भैरव गुरुकुल विद्यालय

लेखक : प्रा.डा. ऋषिराम पोखरेल
सम्पादक : सह प्रा. डा. श्रीराम अधिकारी
प्रकाशक : कान्ति भैरव उत्तरगया क्षेत्र व्यवस्थापन समिति
कान्तिभैरव गुरूकुल विद्यालय
प्रकाशन प्रति : १००१ प्रति

संस्करण : २०७१, पौषे औंसी
सहयोग राशी : रू. १०१।-
सज्जा : टचक्रिएसन प्रा. लि., बागबजार, काठमाडौं
फोन : ०१-४२१५४४८



नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
पुरातत्त्व विभाग

E-mail: info@doa.gov.np
website: www.doa.gov.np


४२५०६८३
४२५०६८५
४२५०६८६
४२५०६८७
४२५०६८८
४२६१४४०
फ्याक्स: ९७७-१-४२६२८५६

अभिलेखालय भवन
रामशाहपथ, काठमाडौं

पत्र संख्या:-
चलानी नं.:-

शुभकामना

उत्तरगयाका रुपमा हिन्दु धर्मग्रन्थहरुमा प्रसिद्ध रहेको गोकर्णस्थित उत्तरगया उत्तरवाहिनी क्षेत्र र वरपर रहेका विभिन्न धार्मिक, ऐतिहासिक एवं पुरातात्विक महत्व रहेका धार्मिक स्थलहरुका बारेमा सर्वसाधारणलाई जानकारी गराउने उद्देश्यले संक्षिप्त रुपमै भएपनि यो पुस्तिका प्रकाशन गर्न लाग्नु भएकोमा लेखक प्रा.डा. ऋषिराम पोखरेल तथा प्रकाशक कान्तिभैरव उत्तरगया क्षेत्र व्यवस्थापन समिति, कान्तिभैरव गुरुकुल विद्यालयलाई सर्वप्रथम म हार्दिक धन्यवाद दिन चाहन्छु।

विशेषगरी, यस किसिमका हाम्रा प्राचीन ऐतिहासिक, पुरातात्विक, धार्मिक एवं सांस्कृतिक सम्पदाहरुको संरक्षणका सन्दर्भमा अति आवश्यक मानिने अभिलेखन कार्यको सहायक रेकर्डका रुपमा समेत अति नै उपयोगी हुने यस पुस्तिकाले गोकर्ण क्षेत्रका धार्मिक एवं सांस्कृतिक सम्पदाहरुको जानकारी लिन चाहने हरेक वर्गका पाठकहरुका साथै विषयगत एवं विधागत रुपमा रुचि राख्ने सबैलाई समेत यो पुस्तिकाले राम्रो जानकारीका पुऱ्याउनेछ भन्ने मलाई लाग्दछ।

यस पुस्तिकाले आशातित उपलब्धि हासिल गरोस् भन्ने आशाका साथ यस पुस्तिकाको पूर्ण सफलताका लागि हार्दिक शुभकामना व्यक्त गर्दछु।

२०७१।११।१

भेष नारायण दाहाल
महानिर्देशक
पुरातत्व विभाग।

लेखकीय

उत्तरवाहिनी उत्तरगया क्षेत्रमा नजिक रही सहयोग र सहकार्य गर्दै आउनुका साथै सास्त्रीय मर्यादा अनुरूप देवस्थल तीर्थस्थल आश्रम सम्बद्ध नीति नियम निर्माण र निर्णयमा सम्लग्न रहँदै आएकाले आफ्नो ज्ञान, अनुभव र क्षमताले भ्याएसम्म यस **उत्तरवाहिनी उत्तरगया परिचय पुस्तिका**का लागि सामग्री संकलन गरेको हुँ । यसमा पुराण रामायण आदि धर्मग्रन्थको आशय अनुसार मेरो आफ्नो रचना समेत समावेस गरेको छु । साथै सबैमा देवस्थल, दिव्यधाम, पितृतीर्थ पवित्र नदी सम्बन्धी शास्त्रसम्मत ज्ञान प्रवाह होस् भन्ने पावन उद्देश्यले स्वकीय रचनासहित विवरण तयार गरेको हुँ । यस विवरणमा कुनै कमि कमजोरी भएको भए वा महिमा एवम् वैशिष्ट्य छुट भएको भए धर्मानुरागी महानुभावहरूको सुझावलाई शिरोधार्य गर्नेछु । भगवान् गोकर्णेश्वर गदाधरको सामीप्यमा रहेको उत्तरबाहिनी तीर्थ उत्तरगयाको शिरका रूपमा प्रसिद्ध छ भने पौखे औंसीमा श्रद्धालु भक्तजनहरूको ठुलो उपस्थितिले यसको आस्था बडेको छ । यही शाश्वत् अभिधेयलाई मूर्तता प्रदान गर्न मानवचेतमा रहेको जागृतिलाई सशक्त पार्दै देवता, दिव्यपितृ र पितृहरूको सन्तुष्टिबाट समुन्नत परिवार, समाज र विश्व बन्न सक्छ भन्ने गूढार्थ राखेर सवैको जानकारीका लागि मेरो र वरिष्ठ कलाकार हरिप्रसाद शर्माको चिन्तन र मोहन श्रेष्ठको कान्तिभैरव जात्राको विवरण समेटेर यो प्रकाशन हुन गइरहेकोछ । यस तीर्थमा निर्माण भएका भौतिक संरचनाको विवरण तय गर्न श्री भैरबबहादुर श्रेष्ठ, श्री गोविन्दबहादुर श्रेष्ठ, श्री हिराभाइ होडा श्रेष्ठ, श्री दिलबहादुर श्रेष्ठ, श्री श्रीचन के.सी, श्री रामहरी भण्डारी लगायतको विशेष सक्रियताबाट नै यो तयार हुन सकेको हो । यो पहिलो प्रयास भएकाले असंख्य त्रुटि रहनु स्वाभाविक हुन्छ । छुटेका विषयवस्तुहरूलाई अरू प्रकाशनमा समेट्ने प्रतिबद्धता प्रकट गर्दछु । यस क्षेत्रमा निर्माण भएका भौतिक संरचनाहरूमा सहयोग गर्नुहुने श्रद्धालु सहृदयी महानुभावहरूमा साधुवाद प्रकट गर्दछु । पाटी विष्णुपादुका आदि संरचनागत विवरण राख्ने क्रममा छुट भएमा अरू प्रकाशनमा समावेश गर्ने कुरा विनम्रता साथ निवेदन गर्दछु । यस किकिमको धार्मिक प्रकाशनलाई आर्थिक सहयोग गर्नुहुने संघ संस्था एवम् महानुभावहरूमा हार्दिक आभार प्रकट गर्दछु । यसको समग्र अध्ययन गरी शुभकामना प्रदान गर्नु हुने पुरातत्त्व विभागका महानिर्देशक श्री भेषराज दहालज्यू प्रति आभार प्रकट गर्दछु भने यस प्रकाशनका लागि सन्देश दिएर सहयोग गर्ने अधिकार सम्पन्न वाग्मती सभ्यता एकीकृत विकास समिति लगायतका संस्थालाई सादर अभिनन्दन गर्दै सम्पादक एवम् यस प्रकाशनमा प्रत्यक्ष परोक्ष रूपम सहयोग गर्नुहुने महानुभावहरू सहित हामी सवैलाई ईश्वरको अनुग्रह भइराखोस् भन्ने प्रार्थना गर्दछु ।

अन्तमा

ईशानविष्णुकमलासनकार्तिकेय-वह्निनत्रयार्करजनीशगणेश्वराणाम् ।
क्रौञ्चामरेन्द्रकमलोद्भवकश्यपानां पादान्नमामि सततं पितृमुक्तिहेतोः ॥

पितृको दिव्यलोक प्राप्ति हेतु श्लोकमा उल्लेखित समस्त देवताहरूको वन्दना गर्दछु

सम्पादकीय

सनातन देवस्थल नेपालका हिमाल, पहाड र तराइमा अनेकौ सिद्ध धाम, पीठ मन्दिर र तीर्थस्थलहरू रहेका छन् । शाास्त्रीयरूपमा विविध प्रसङ्गानुसार धाम, तीर्थ, मठ, पीठ र मन्दिरहरूको उत्पत्ति भएको वर्णन पाइन्छ । मन्दिरै मन्दिरको सहर काठमाण्डौ उपत्यकामा ता कयौं सिद्धपीठहरू, तीर्थस्थलहरू र पवित्र नदीहरूको संगम रहेको छ । त्यसमध्येमा उत्तरपट्टी मुख गरेर बगेकी वाग्मती नदीको तटमा उत्तरवाहिनी उत्तरगया पितृतीर्थ प्रसिद्ध छ, जुन ४/५ किलामिटरको दूरीमा रहेको देशकै राजधानी कान्तिपुर सहरको रक्षार्थ भगवान् कान्तिभैरब रहनु भएको, पञ्चमुखी हनुमान् विराजमान रहनु भएको, पद्ममुक्तेश्वर, जागेश्वर, वासुकीनाग, सिताराम, गणेश, मनकामना, गणिनाथ, आदि भगवान्को मूर्ति विराजमान रहेको उत्तरगया पितृतीर्थमा प्राकृतिक सौन्दर्यको अनुपम छटा देख्न सकिन्छ । यसको दिव्यता यहाँ तपस्या (साधना) गर्ने श्री १००८ षडानन्द ब्रह्मचारी, श्री १००८ सिद्धिमाता योगमाया, श्री १००८ गलेश्वर बाबा आदि नेपालका तपस्वी सिद्धबाबाहरु आदिको साधनाले थपेको छ । देवताहरू, साधकहरू, दिव्यपितृहरू र समस्त पितृहरूको वासस्थान एवम् प्राकृतिक सुन्दरता भएबाट यसको महिमा र गरिमा अक्षुण्य रहेको छ ।

पितृतीर्थमा सवै भक्तजनहरूको आस्था हुन्छ, देवताहरूलाई जस्तै पितृहरूलाई पनि दैनिकरूपमा तर्पण गरिनुपर्दछ भने वार्षिकरूपमा श्रद्धाकासाथ श्राद्ध गरी जल अन्न अर्पण गनुपर्दछ । श्रद्धा अर्पण गर्न पनि पवित्र नदी, देवताहरूको वास रहेको दिव्य धाम, तीर्थ, संगम, गयाक्षेत्र हुनु पर्दछ । यस्ता क्षेत्रहरूमा रहन पितृहरूलाई मन पर्दछ । पितृहरूको नित्य वास हुने यस किसिमका पितृतीर्थ दिव्य धामहरू यस भारतवर्षमा अनेकौं रहेका छन् । ती मध्ये उत्तवाहिंनी उत्तगया नेपालको एक विशिष्ट दिव्य धाम पितृतीर्थ हो । पाँच कोश परिमाणको गया क्षेत्र हुन्छ भने गयाको शिर मात्रै एककोश परिमाणको रहेको शास्त्र बताउँदछ **पञ्चक्रोशं गयाक्षेत्रं क्रोशमेकं गयाशिरः** भनेर । त्यस्ता पितृतीर्थहरूमा समस्त देवताहरूको पूजा अर्चना, पाठपारायण र स्तुति भइरहनाले पपितृहरू तृप्त भई दिव्यलोक प्राप्त गर्दछन् । यही भएरनै यहाँ श्री कान्तिभैरब गुरूकुल विद्यालय समेत सञ्चालनमा रहेकोछ । गुरूकुलका विद्यार्थीहरूको वेदध्वनि र स्तुतिपाठले तीर्थको आध्यात्मिकता कायम रहन गएको भान हुन्छ । यस प्रकाशनका लागि जिम्मेवारी दिएकोमा श्री कान्ति भैरव उत्तरगयां क्षेत्र व्यवस्थापन समिति एवम् प्रा.डा. ऋषिराम पोखरेलप्रति सादर नमन गर्दै विज्ञापन दाता आर्थिक सहयोगी र प्रकाशन सहयोगी सबैमा हार्दिक आभार प्रकट गर्दछु ।

विषयसूची

उत्तरगया उत्तरवाहिनी संक्षिप्त परिचय

१. हिमालदेखि तराईसम्म, मेचि देखि महाकालीसम्म, वैदिक सनातन धर्मानुयायीका तीर्थ र देवी देवताको, अति प्राचीनकाल देखिनै, अत्यन्त महनीय अवस्थिति रहेको, नेपाल अधिराज्यको, राजधानी मन्दिरै मन्दिरको उपत्यका भनेर चिनिने, काठमाडौं उपत्यकाको, उत्तरपूर्वमा, सदर टुंडीखेल (वर्तमान रत्नपार्क) बाट करीब ९ किलोमिटरको दूरीमा पितामह तीर्थ गोकर्णेश्वर महादेवको मन्दिर रहेको छ । यस उत्तरगया क्षेत्रको शिरको रूपमा रहेको उत्तरवाहिनी तीर्थको आफ्नै विशेषता छ । गया क्षेत्र ५ कोषको र गयाको शिर १ कोषको छ भनिएको हो । यसैले कुशे औंशीमा उत्तरगया गोकर्णेश्वरमा गदाधरचरणमा श्राद्ध गरेर पुनः पौषे औंसीमा उत्तरगया पितृतीर्थ उत्तरवाहिनीमा आई श्राद्ध गर्ने परम्परा परापूर्व देखि नै चलेको छ । *उत्तर वाहिनीको महिमा*

कैलासे वसते शम्भुः कैलास उत्तरे स्थितः ।
वैकुण्ठ उत्तरे भाति यत्र देवो गदाधरः ॥१॥

सुमेरोरूत्तरे सर्वे देवास्तिष्ठन्ति सर्वदा ।ः
तद्दर्शनोत्तरमुखा नद्योऽतीव सुपावनाः ॥२॥

कोटिगङ्गास्नानतुल्या तस्मादुत्तरवाहिनी ।
तत्र स्नानं तपो दानं श्राद्धं चाक्षयपुण्यदम् ॥३॥

अर्थात् उत्तर दिशामा अवस्थित कैलास पर्वत हिमालयमा भगवान् महादेव राज भएको छ । सवै देवताहरु सहित सुमेरू पर्वत पनि उत्तरमा नै पर्दछन् । ती सवैको दर्शन गर्न उत्तरतिर फर्केर बगेकी नदी परम पवित्र हुने हुनाले उत्तरवाहिनी नदीहरूको सर्वत्र विशेष प्रशंसा गरिन्छ । कोटी गंगा स्नान गरेको पुण्य मिल्ने यस्ता उत्तरवाहिनी गंगामा स्नान, दान, तप र श्राद्धादि पितृकार्य गर्नाले पितृलाई अक्षयतृप्ति गराई कर्त्तालाई सो अक्षयपुण्यको प्रभावले यस लोकमा भोग र परलोकमा मोक्ष प्राप्त हुन्छ । अत एवं यस उत्तरवाहिनी तीर्थलाई अतिपवित्र एवम् उत्तरगया पितृतीर्थको शिरझैं पवित्र मानेर तपस्वीहरूले यहीं तपःसाधना गर्दै आएको देखिन्छ ।

विषयसूची

उत्तरगया उत्तरवाहिनी संक्षिप्त परिचय

१. हिमालदेखि तराईसम्म, मेचि देखि महाकालीसम्म, वैदिक सनातन धर्मानुयायीका तीर्थ र देवी देवताको, अति प्राचीनकाल देखिनै, अत्यन्त महनीय अवस्थिति रहेको, नेपाल अधिराज्यको, राजधानी मन्दिरै मन्दिरको उपत्यका भनेर चिनिने, काठमाडौं उपत्यकाको, उत्तरपूर्वमा, सदर टुंडीखेल (वर्तमान रत्नपार्क) बाट करीब ९ किलोमिटरको दूरीमा पितामह तीर्थ गोकर्णेश्वर महादेवको मन्दिर रहेको छ । यस उत्तरगया क्षेत्रको शिरको स्पमा रहेको उत्तरवाहिनी तीर्थको आफ्नै विशेषता छ । गया क्षेत्र ५ कोषको र गयाको शिर १ कोषको छ भनिएको हो । यसैले कुशे औंशीमा उत्तरगया गोकर्णेश्वरमा गदाधरचरणमा श्राद्ध गरेर पुनः पौषे औंसीमा उत्तरगया पितृतीर्थ उत्तरवाहिनीमा आई श्राद्ध गर्ने परम्परा परापूर्व देखि नै चलेको छ । *उत्तर वाहिनीको महिमा*

कैलासे वसते शम्भुः कैलास उत्तरे स्थितः ।
वैकुण्ठ उत्तरे भाति यत्र देवो गदाधरः ॥१॥

सुमेरोरूत्तरे सर्वे देवास्तिष्ठन्ति सर्वदा ।ः
तद्दर्शनोत्तरमुखा नद्योऽतीव सुपावनाः ॥२॥

कोटिगङ्गास्नानतुल्या तस्मादुत्तरवाहिनी ।
तत्र स्नानं तपो दानं श्राद्धं चाक्षयपुण्यदम् ॥३॥

अर्थात् उत्तर दिशामा अवस्थित कैलास पर्वत हिमालयमा भगवान् महादेव राज भएको छ । सवै देवताहरु सहित सुमेरू पर्वत पनि उत्तरमा नै पर्दछन् । ती सवैको दर्शन गर्न उत्तरतिर फर्केर बगेकी नदी परम पवित्र हुने हुनाले उत्तरवाहिनी नदीहरूको सर्वत्र विशेष प्रशंसा गरिन्छ । कोटी गंगा स्नान गरेको पुण्य मिल्ने यस्ता उत्तरवाहिनी गंगामा स्नान, दान, तप र श्राद्धादि पितृकार्य गर्नाले पितृलाई अक्षयतृप्ति गराई कर्त्तालाई सो अक्षयपुण्यको प्रभावले यस लोकमा भोग र परलोकमा मोक्ष प्राप्त हुन्छ । अत एवं यस उत्तरवाहिनी तीर्थलाई अतिपवित्र एवम् उत्तरगया पितृतीर्थको शिरझैं पवित्र मानेर तपस्वीहरूले यहीं तपःसाधना गर्दै आएको देखिन्छ ।

२. यस तपोभूमिका गुफामा वसी सुप्रसिद्ध महात्मा साधकहरूले सिद्धि प्राप्त गरेका थिए । यस सिद्ध तपोभूमिमा तपस्या (साधना) गर्नेहरूमा श्री १००८ षडानन्द ब्रह्मचारी, श्री १००८ सिद्धिमाता योगमाया, श्री १००८ गलेश्वर बाबा, श्री १००८ वासुकी ब्रह्मचारी, श्री १००८ शिवपुरीबाबा, श्री १००८ तुलसी बाबा , श्री १००८ कुवेरपुरी बाबा , श्री १००८ महानन्द भण्डारी, श्री १००८ प्रेमनारायण आदिको नाम सुप्रसिद्ध छ । कुनै पनि तीर्थ सानो ठूलो भन्ने कुरा उचित होइन तापनि उत्तरवाहिनी नदीहरूको श्रेष्ठता वा परम पावनतामा शंका छैन । त्रिशुली र वेत्रावती संगम, रिडीको हृषीकेश कृष्णागण्डकी, नवलपरासीको त्रिवेणीतीर्थ, सप्तकोशीसंगम वराहक्षेत्र, सप्तगण्डकीसंगम, देवतपोभूमि आदिप्रयाग देवघाट, लुम्बिनीको कपिलवस्तु, कोकाकालीगण्डकी मुक्तिक्षेत्र, दामोदरकुण्ड आदि हाम्रो देशका सवै तीर्थस्थल, विश्वका सनातनधर्मानुयायीका निम्ति उत्तरगया समानै छन् तापनि श्रीगोकर्णेश्वर श्रीगदाधरका पाउमा चन्द्रमती, सूर्यमती र वाग्मती सङ्गम उत्तरगया पितामह तीर्थको आफ्नो छुट्टै विशेषता भएकाले नै गोकर्णे औंशी (कुशे औंशी) मा यहाँ श्राद्ध गर्नेहरूका पितृहरूको अक्षयतृप्ति र मुक्ति हुने कुरामा हामी विश्वास गर्दछौं र उत्तरगया पितृतीर्थको शिरोभाग झैं उत्तरगया पितृतीर्थ उत्तरवाहिनीमा पौषगया औंशीमा श्राद्ध गर्ने परम्परा पनि हामी उत्तिकै श्रद्धासाथ मान्दै आएका छौं । उत्तरवाहिनी वागमतीको प्रवाहमा सूत्ररूपले बगेको वागमतीको मूलधारको दर्शन यही उत्तरवाहिनीमा मात्रै पाइने र उत्तरवाहिनी पनि उत्तरगयाकै शिरमा पर्ने सिद्ध तपोभूमि समेत भएकोले यसको आफ्नै विशेषता रहिआएकोछ ।

३. यस उत्तरवाहिनी उत्तरगया पितृतीर्थ क्षेत्रमा नै कान्तिपुर नगरीका संरक्षक भगवान् कान्ति भैरवको मन्दिर छ । यो मन्दिरको चर्चा हिमवत्खण्डमा पनि छ र यसको पुनर्निर्माण पनि श्री गोकर्णेश्वर मन्दिरकै पुनर्निर्माण गर्ने लिच्छवि राजा मानदेवलेनै गरेकाले दुवै मन्दिरको निर्माण शैली पनि उस्तै देखिन्छ । यसै सिद्ध तपोभूमि उत्तरवाहिनी उत्तरगया पितृतीर्थमा पञ्चमुखी हनुमानको विशिष्ट मूर्ति स्थापित छ । पञ्चमुखी हनुमानको प्रभावबारे यस पंक्तिका लेखकद्वारा वि.सं. २०५८ मा वैद्यनाथ क्षेत्रपत्रिकामा पनि राज्यारोहण तथा श्री ५ वीरेन्द्रसँगको अन्तिम दर्शन भेट लेखमा चर्चा गरिएको छ । यस उत्तरवाहिनी उत्तरगया क्षेत्रमा विगत करीब ४ दशकदेखि आफ्नो अगुवाइमा धेरै विकास निर्माणका कार्यहरु भए । यस

क्रममा विशेष आग्रहपूर्वक मलाई यस कार्यको अगुवाई गर्न प्रेरित गर्ने ब्रह्मचारी स्व: शीतलमान सिं प्रधान, पूर्व अध्यक्ष श्री गोविन्दबहादुर श्रेष्ठ, पूर्व वडाध्यक्ष श्री भैरव बहादूर श्रेष्ठ, पं रामचन्द्र ढुङ्गाना, इन्जिनीयर श्री पूर्ण श्रेष्ठ, श्री दिलबहादुर श्रेष्ठ, श्री हरिबहादुर श्रेष्ठ, श्री श्रीचन के.सी. सहयोगी श्री हीरा हाडा, श्री हरिप्रसाद शर्मा पौडेल, श्री हेमराज पौडेल, गोकुल सिम्खडा आदि अनेकौं भक्तजनको प्रेरणा र सहयोग आदिले गर्दा यहाँ सर्वप्रथम चतुर्मासा, धान्यान्चल यज्ञ, सत्सङ्ग, कथा प्रवचन, नवाह, चिठा आदिको माध्यमले जनसहयोग जुटाई करोडौं रूपैयाको लागतमा विभिन्न निर्माण कार्य सम्पन्न भएका छन् । सो क्रममा यहाँ पुल, घाट, सिंढी, श्राद्ध गर्ने विष्णु पादुका र छत, धर्मशाला र पाटीहरु बनाई स्थायी स्टील मेच, राख्दै श्री कान्तिभैरब गुरूकुल विद्यालय वेदविद्याश्रम समेत नि: शुल्क संचालन गर्न सफलता मिलेको छ । यी सबै निर्माण कार्यले गर्दा उत्तरवाहिनी उत्तरगयामा धर्मकर्म, विहे व्रतबन्ध, श्राद्ध भोज, पिकनिक गर्न र सिनेमा डकुमेन्ट्रीको छायाङ्कन आदिका निम्ति आउने र सहयोग गर्नेहरूको सँख्यामा पनि दिनप्रतिदिन वृद्धि हुँदै आएको छ भने हाम्रा अनुरोधमा नेपाल सरकार संस्कृति मन्त्रालय पुरातत्व विभागको समेत विशेष दृष्टि पर्न गएको छ र अधिकारसम्पन्न वाग्मती सभ्यता एकीकृत विकास समितिको समेत रचनात्मक सहयोग मिल्दै आएको छ ।

४. यस उत्तरवाहिनी उत्तरगया क्षेत्रमा भएको देवदेवी मन्दिर तथा जनसहयोग जुटाई सम्पन्न भएका निर्माण कार्य र यसका विशेष सहयोगीहरूको परिचयात्मक विवरण यस प्रकार छ ।

(क) कान्तिभैरव मन्दिर

हिमवत्खण्ड परिशिष्ट पृष्ठ १६ मा वाग्मती तीर्थयात्रा क्रममा १२६ संख्यामा उत्तरवाहिनी तीर्थ र १२७ सँख्यामा कान्तीश्वर कान्ति भैरव तीर्थको चर्चा भएको छ । यहाँ हरेक वर्ष अक्षय तृतीयामा विशेष मेला लाग्ने गर्दछ । कान्ति भैरवको वर्तमान मन्दिर करीब छैंठौं शताब्दीतिर लिच्छवी शासक मानदेवले पुननिर्माण गराएको मानिन्छ । मानदेवले श्री गोकर्णेश्वरको वर्तमान मन्दिर पुननिर्माण गरेर सो नजिकै गोकर्ण देशे गाउँ बसाएको र जगडोलको डाड़ामा कैलासकुट भवन बनाएको मानिन्छ । यस क्षेत्रको उत्खनन् गर्दा जगडोल डाँडामा साह्रै पुराना ठूला इँटा र केही माटाका भाँडा वर्तन पाइएको थियो । कान्ति भैरव मन्दिर र गोकर्णेश्वरको मन्दिरको

शैली पनि मिल्दो जुल्दो हुनुले पनि यी दुवै मानदेवले नै बनाएका कुरा पुष्टि गर्न थप बल दिएको छ । केहि वर्ष अघि युनेस्कोको समेत सहयोगमा जीर्णोद्धार गरिएको गोकर्णेश्वर मन्दिर विश्वसम्पदा सूचिमा समावेश गर्न समेत आग्रह भैरहेको छ । राजा मानदेवले कान्तिपुर शहर बसाई सो को संरक्षक श्री कान्तीश्वर कान्तिभैरवलाई उत्तरपूर्व (ईशानतर्फ) प्रतिष्ठित गरेको हुनाले पनि श्री कान्ति भैरवको अति प्राचीनता पुष्टि गरेको छ । केही वर्ष देखि गठित श्री कान्तिभैरव उत्तरगया क्षेत्र व्यवस्थापन समिति र स्थानीय जनताको पहलमा नेपाल सरकार पुरातत्व विभागको सहयोगमा श्री कान्ति भैरव मन्दिर तपस्वी गुफको पनि प्राचीन शैलीमा पुनर्निर्माण गर्ने कार्य निकट भविष्यमा नै शुरू हुँदै छ ।

(ख) पञ्चमुखी हनुमान्

यस उत्तरवाहिनी क्षेत्र अन्तर्गत पर्ने सिद्ध तपोभूमि प्राङ्गणमा पञ्चमुखी हनुमानको भव्य मुर्ति रहेको छ । वि. सं. १८९८ मा श्री ५ राजेन्द्रको पालामा यस सिद्धभूमिमा तपस्या गरिबसेका अमर गिरीले यो मूर्ति स्थापना गरेको बताइन्छ । सो मूर्तिमा शाके १७६३ वैशाख सुदी ५ रोज २ लेखिएकाले शाके संवतमा विक्रम संवतको अन्तर १३५ वर्ष थप गर्दा १९९८ (वि.स.) हुने देखिन्छ । यो मूर्ति केही वर्ष अगाडि खण्डित भएको अवस्थामा स्थानीय गुफाको सुरक्षाकर्मीको जिम्मा रहेको थियो । पञ्चमुखी हनुमानका प्रभाववारे वि. सं. २०५८ मा वैद्यनाथक्षेत्र पत्रिकामा प्रकाशित यस पंक्तिकार लेखकको संस्मरणलेख फोटोकपी गरी श्री भैरबबहादुर श्रेष्ठले हजारौं प्रति वितरण गरिएकाले सो मूर्ति पुनःप्रतिष्ठा गरी स्थापित गर्ने कार्य स्थानीय क्षेत्र संरक्षक समिति र जनताका साथै पूर्व युवराज पारसशाहबाट समेत प्राप्त सहयोगमा २०६७-१०-२६ गते पुनः प्राणप्रतिष्ठा गरी स्थापित गरिएको छ । पञ्चमुखी हनुमानको यस्तो मूर्ति नेपालमा अन्त कतै नपाइने समेत हुँदा यसको विशेष महत्त्व रहेको हुनाले पनि यस पञ्चमुखी हनुमानको दर्शन गर्न आउने भक्तको संख्यामा धेरै नै वृद्धि भएको देखिन्छ । आज भन्दा करीब २०० वर्ष अघि देखिनै यो सिद्ध तपोभूमि सार्वजनिक पवित्र सिद्ध तपोभूमिको रुपमा रहेको कुरा स्थानीय पुरानो पर्खालको जग पुरिएको पाइएबाट पनि प्रमाणित भएको छ ।

पंचमुखी हनुमानबारे स्थानीय किंवदन्ती

१. यों मूर्ति वि.सं. १८९८ सालमा गुफाको प्रवेशद्वारमा स्थापित थियो रे ।

त्यहीनिरको खेतका किसानको पाकेको धानवाली वानरहरूले खाएछन् । त्यो किसानले 'ए हनुमान ! तैले के हेरिस्, तेरो फौजले मेरो पाकेको धानबाली सखाप पार्‍यो तर तैंले केही गरिनस् तेरो काम रहेनछ' भनी कोदालो हानी मूर्तिको अंग भंग गराई लडाइदिएछन् । तर ती किसान अलिपर बगरमा पुगेर रगत छादी मरेछन् । त्यसपछि स्थानीय जनताले यी हनुमान त जण्डा रहेछन् भनी त्यहाँबाट उठाइ गुफामा लगेर राखेछन् । पछि त्यहाँका पालेले त्यहाँ धेरै फोहर जम्मा भयो भनी सफा गर्दा पाँचमुखे मूर्ति फेला पारी त्यही गुफाको ठूलो तखतामा राखेको देखी यसै पंक्तिकारको अगुवाइमा पुनः जीर्णोद्धार गरी प्राङ्गणमा नै स्थापित गरिएको हो ।

२. यस क्षेत्रको पुननिर्माण गर्दा गर्दै एक जना रामबाबा भनिने भाङ्ग्रे बाबा अयोध्याबाट पाल्नु भै सत्सङ्ग प्रवचन चलाउनु भएको थियो । सो अवधिमा स्वर्गीय श्री ५ वीरेन्द्र सवारी हुँदा बाबाले पञ्चमुखी हनुमानलाई पूजा विना भोको राखेमा राजा, राजगद्दी र नेपाललाई समेत हानि गर्ने कुरा राजालाई बताएको र त्यो कुरा भएको केही समय पछि दरवार काण्डमा राजा वीरेन्द्र सपरिवार नाशिएको र पछि राजसंस्था पनि समाप्त भएको कुराले समेत पञ्चमुखी हनुमान् साच्चै नै जंडा रहेछन् भन्ने कुराको किवंदन्ती ठीकै रहेछ भनी स्थानीय जनताहरु अझ बढी विश्वासमा परेका छन् ।

(ग) वासुकी नाग

उत्तरवाहिनीको वर्तमान पुल नजिककै पश्चिमपट्टिको घाटको दक्षिण कुनाको ठूलो ढुगा मुनि वासुकी नाग वस्दछन् भनी पूजा गर्ने चलन छ । ती नाग पनि निकै जण्डा छन् । त्यो ढुङ्गा मुनि ठूलो ओडार थियो । त्यहाँ पौडी खेल्दा १ / २ जना त्यो ओडारमा बस्ने गर्दथे । त्यहाँ फोहर गर्ने वा मलमूत्र फाल्नेहरु तत्कालै बिरामी पर्थे भन्ने किंवदन्ती छ । हाल अधिकारसम्पन्न वाग्मती सभ्यता एकीकृत विकास समितिले पश्चिम तर्फको साविक घाट पुननिर्माण गरी त्यहाँ वासुकी स्थान बनाउने कार्य समेत सम्पन्न गरिदैछ ।

(घ) चिता ब्रह्मनाल र घाट

यही पश्चिम पट्टीको घाट निर एउटा चिता पुरिएको अवस्थामा थियो त्यो घाट ब्रह्मनाल चिता नेपालका सुप्रसिद्ध तान्त्रिक लम्बकर्ण भट्टले बनाएको अनुश्रुति छ । पुनरूद्धार गरी स्वः टीकानारायण श्रेष्ठका छोराहरु श्री

कृष्णराम र नन्दराम श्रेष्ठले छत समेत राखेकोमा हाल त्यो वाग्मती तटबन्ध तयार गर्ने क्रममा केही परसार्नु पर्ने भएबाट सो चिता पनि केही तल सारी पुननिर्माण गर्न अधिकारसम्पन्न वाग्मती सभ्यता एकीकृत विकास समितिले समेत विशेष खर्च दिनुको साथै पूर्व र दक्षिण तर्फ थप सीडी सहितका घाट पनि बनाइदिएको छ र त्यहाँ १२ वटा विष्णुपादुका समेत श्री भैरव हादुर श्रेष्ठको पहलमा श्री हीराभाइ होडा श्रेष्ठ तथा भक्तजनको सहयोगमा राखिएको छ ।

(ङ) पुल र जागेश्वर महादेव

प्रा. डा. ऋषिरामद्वारा आयोजित धान्याचलमा संकलित रकमबाट श्री शीतलमान सिं प्रधान, श्री हरिवहादुर श्रेष्ठ र वडाध्यक्ष श्री भैरववहादुर श्रेष्ठ आदिको तत्परतामा पोखरेलबाटै शिलान्यास र उद्‌घाटन गरिएको उत्तरवाहिनी वाग्मतीको वर्तमान पुलसँगै जोडिएको महादेव जागेश्वर महादेव हुन् । यहाँ पहिले भएको शिवलिङ्ग समेतै बाढीले बगाएकोमा सो स्थानमा श्री शीतलमान सिहंको पहलमा जागेश्वर महादेवको पुनः स्थापना गरिएको हो । यसमा स्थायी दीपावली गर्न पालाहरु र जलधारी त्रिकुटी राखिदिने कार्य श्री कमला ढुङ्गाना श्रेष्ठ, (गोपीकृष्ण नगर) र जानकी श्रेष्ठले गर्नु भएको हो ।

(च) पद्ममुक्तेश्वर

श्री पद्मशमशेरको नाममा वर्तमान पद्ममुक्तेश्वर महादेव वहाँका सन्तानले स्थापना गरिएको शिवमन्दिर हो । यसका वरिपरि नन्दी कामदेव, राधाकृष्ण र गंगामाई पनि स्थापित छन् । राधाकृष्ण मध्ये श्रीकृष्णको मूर्तिको टाउको खण्डित भएकोमा श्री भैरववहादुर श्रेष्ठ र शीतलमान सिंको समेत सक्रियतामा पाटनका प्रस्तरकला विशेषज्ञद्वारा पहिले झैं गराई पंक्तिकारबाट पुनःप्रतिष्ठा गरिएको छ भने गंगामाईको मूर्ति चोरी भएकोले भक्त श्री शीतलमान सिं ले पुनर्निर्माण गरी स्थापना गरेर राधाकृष्ण र गंगामाइका बीचमा वरिपरि पक्की बार लगाई रूद्राक्षको एउटा बोट लगाइएको छ । पद्ममुक्तेश्वरका नाममा मन्दिर निर्माण गरी केही जग्गा गुठी राखी पूजा चलाउने गरिएकोमा पूजारी व्यवस्था हुन नसकेको र गुठी जग्गाका मोहीहरूले कूत बुझाउन समेत छाडेको भएतापनि हाल यस क्षेत्रका सवै देवीदेवताको नित्य पूजा र आरती श्री कान्ति भैरव गुरूकुल विद्यालयका वटुकबाटै हुने व्यवस्था गरिएको छ र गुठीको जग्गा कमाउने मोहीलाई धर्मलोप नगर्न प्रेरित गरी गुठीसंस्थानसँग

पनि सहयोग लिई श्रीकीर्तिभैरव गुरुकुललाई नै नित्य पूजारीको खान्की दिलाउन प्रयत्न भैरहेछ ।

(छ) सिद्धिविनायक

पुलपारीपट्टि चौतारीसँगै पूर्व फर्किएर रहेको श्री सिद्धिगणेशको मूर्ति छ । सम्भवत यो चौतारी त्यहाँ रहेको कूर्म र त्यहाँ रहेको तथा सिद्धिगणेशसहित गुफा निर्माण र केही तल भकारी सहितको घाट पनि १८९० ताका पञ्चमुखी हनुमान् मूर्ति स्थापना भएको थियो तर यसबारे ठोस प्रमाण हालसम्म पाइएको छैन र पश्चिमपट्टि पुरिएको भकारी र घाट अधिकारसम्पन्न वाग्मती सभ्यता एकीकृत विकास समितिबाट पुनरूद्धारसहित निर्माण भैरहेको छ ।

(ज) सीताराम मन्दिर र हनुमान्

(झ) पञ्च शिवलिङ्ग र श्री सूर्यका साथै- हनुमान्को सो मूर्ति श्री सीताराम मन्दिर निर्माणसँगै स्थापित छ ।

उत्तरवाहिनी क्षेत्रमा रहेको श्री सीताराम मन्दिरको सामुन्ने छरिएर रहेका पाँचशिवलिङ्ग र श्री सूर्यको मूर्तिलाई सो चोकमा स्लेट ढुङ्गा ओच्छाई पुनर्निर्माण गर्ने क्रममा श्री भैरवबहादुर श्रेष्ठको अगुवाइमा वर्तमान रूपमा राख्ने व्यवस्था गरिएको हो भने त्यहाँ फुलका बोटमा र पीपलमा चौतारी बनाउने कार्य पंक्तिकारको आग्रहमा श्री शीतलमान र भैरवजीहरूकै अगुवाइमा सम्पन्न भएको हो । यसै गरी यही राममन्दिरनिरको पीपल चौतारीनिरको शिखर शैलीको सानोपाटी श्री भैरववहादुर श्रेष्ठ, श्री शीतलमान सिं, प्रा. डा. ऋषिराम पोखरेल, श्री दिलवहादुर श्रेष्ठ, हरिबहादुर श्रेष्ठ, गोविन्दबहादुर श्रेष्ठ, पूर्णबहादुर श्रेष्ठ समेतको सहयोग र सक्रियतामा बनेको हो । सोसँगैको लामो टहरोको पुनर्निर्माण समितिबाट सम्पन्न भएको हो ।

(ञ) गदाधर विष्णु

पुल नजिकै पश्चिम फर्केका गदाधर विष्णुको मूर्ति पंक्तिकारको सल्लाह एवम् आचार्यत्वमा श्री शीतलमान सिं प्रधानले नै स्थापना गर्नुभएको हो ।

(ट) कोलमतीतीर्थ (कोलमतीघाट)

उत्तरवाहिनीको पूर्वतर्फको सीमाना कोलमती घाट हो । यहाँ कोलमती खोला र चोलमती वाग्मतीमा मिसिन्छ । यहाँ भाद्रकृष्ण पञ्चमीमा विशेष

मेला लाग्छ । त्यहाँ प्रा.डा. ऋषिराम गुरूको आचार्यत्वमा पुराण र सत्सङ्ग प्रवचन गराइदा उठेको जनसहयोगमा हालसम्म करीब करोड खर्च भै श्री कोलमतेश्वरपाञ्चायन मन्दिर, सप्तर्षि आदिको स्थापना र जनसहयोग एवम् स्थानीय विकासमन्त्रालय समेतको सहयोगमा ढुङ्गाको वाल लगाई फराकिलो चौर (ग्राउण्ड) समेत तयार भएको छ । यस कार्यमा थली डाँछीका पूर्व अध्यक्ष श्री शिवहरी पौडेल, श्री केशव सिंखडा, श्री कुशश्री न्यौपाने, श्री गोकुल सिंखडा, श्री खड्गप्र.सिंखडा, थली चौरस्थित बौद्ध गुम्बा, श्रीमती ईश्वरी कुइकेल, आदिको विशेष सहयोग रहेको छ र त्यही पाखोमा श्री चिन्मयी देवीको मन्दिर पनि जनसहयोगमा बनेको छ ।

(ठ) श्री कपोततीर्थ र आत्मसाधना आश्रम

वाग्मती तीर्थयात्रा क्रममा उल्लेख भएको यो कपोत तीर्थको बारेमा धेरै किंवदन्ती प्रचलित छन् र यो तीर्थ आत्मसाधना आश्रमभन्दा पश्चिमपट्टिको पहिरोमा रहेको छ। आत्मसाधाना आश्रम २०५७ मा जि.प्र.का.मा दर्ता भई स्वामी आत्मानन्द गिरीको अध्यक्षतामा अठित संस्था हो । यहाँ महिला समुहबाट ऋषि गुरुकै सल्लाहमा विष्णुपाञ्चायन मन्दिर बनेको छ।

(ड) श्रीपिङ्गलास्थानच्यासी

यो स्थानमा परापूर्व काल देखिनै दशैंको नवरात्रमा मेला लाग्ने गरेकोछ । यो देवी मन्दिर परिसरमा धेरै जग्गा र सार्वजनिक चौर पर्ती रहेको छ, जसमा आवासीय बोर्डिङ स्कूल समेत रहेकोछ ।

(ड) श्री कान्तिभैरव मन्दिर परिसरका देवदेवीहरू

१ **श्री भीमसेन-** श्री शितलमान सिं बाट स्थापित मूर्ति हो ।

२ **विश्वकर्मा-** श्री शितलमान सिं बाट स्थापित मूर्ति हो ।

३ **श्री गणेश-** पूर्व प्र.पञ्च श्री भैरबमान श्रेष्टं बाट स्थापित मूर्ति हो ।

४ **श्रीदेवी-** श्री शितलमान सिंबाट स्थापित मूर्ति हो ।

५ **श्री स्वस्थानीदेवी-** श्री कुलबहादुर श्रेष्ठ परिवारबाट स्थापित भएको हो ।

६ **श्री गणिनाथबाबा-** ज्यो.श्री जीतेन्द्र शर्मा (वटु)को पहलमा मारवाडी बन्धुहरूबाट स्थापित भएको हो।

७. **श्री भगवती-** ब्रह्मचारी श्री शीतलमान सि प्रधान नरदेवीं तथा वडाध्यक्ष भैरबबहादुर श्रेष्ठबाट स्थापित मूर्ति

हो ।

८ **श्री मनकामना-** सांसद श्री अम्बिका वस्नेत तथा वडाध्यक्ष भैरबबहादुर श्रेष्ठंबाट स्थापित मूर्ति हो ।

९ **घण्टस्थापना-** ई.पूर्ण श्रेष्ठले आफ्ना दिवङ्गत छोराको स्मृतिमा पीलर राखेर कान्तिभैरब मन्दिर परिसरमा ठूलो घण्टस्थापना गर्नुभएको छ ।

१०. **सानो सिद्ध गुफा-** श्री ३ जुद्ध शमशेरले गुरू श्री १००८ प्रेमनारायण भण्डारी तथा श्री १००८ महानन्द भण्डारीको साधनानिमित्त निर्माण गरिएको हो भनिन्छ ।

११. **ठूलो गुफा-** आबाल ब्रह्मचारी श्री १००८ षडानन्द अधिकारी तथा श्री १००८ वासुकीबाबा, ब्रह्मचारी तथा १००८ शिवपुरीबाबा र श्री १००८ गलेश्वर बाबा समेतको साधना स्थल भनिन्छ र यहाँका यी दुवै साधनागृहमा गर्भगृहसाधनास्थल तथा अग्निकुण्ड छ ।

उत्तरवाहिनी क्षेत्रमा भएका नवनिर्माण कार्यहरू

१ **प्रवेशद्वारः—श्री दिलबहादुर श्रेष्ठ र गाँउवासी तथा श्री भैरबबहादुर श्रेष्ठको** सक्रियतामा समितिद्वारा बनेको ।

२. **वरिपरिको काँडेतारवार** गुरु ऋषिरामको अनुरोधमा श्री भैरबबहादुर श्रेष्ठको अगुवाइमा संमितिद्वारा लगाइएको ।

३. **शवयात्रामार्गः**—चुच्चे पाटी चाबहिल निवासी श्री... काफ्लेबाट साँधको करीब४ आना जग्गाशवयात्राको निम्ति माग्न वहाँकै घरमा प्राडा. ऋषिराम, पूर्व अध्यक्ष गोविन्दबहादुर श्रेष्ठ, पूर्व वडाध्यक्ष भैरबबहादुर श्रेष्ठ, श्रीचन के.सी. हरिबहादुर श्रेष्ठको टोली गएर अनुरोध गर्दा निःशुल्कप्रदान गरेको र त्यस मुनि राख्ने ह्यूम पाइपहरु श्री शिवशक्ति पाइपका उद्योपति ई.श्री अर्जुन थापाबाट प्रदान गरिएको हो ।

४. **भोजन टहरा** अमेरिकाबाट फर्केका श्री श्यामलाल श्रेष्ठ, गोकर्ण ७ ले सहयोगस्वरुप बनाइदिनुभएको

५. **प्रवेशमार्गमा पर्ने उत्तरको पीपल चौतारी र सिढीः—** श्री कान्तिभैरब जाने सिढी पुनर्निर्माण गरी वडाध्यक्ष श्रीकृष्ण श्रेष्ठ र हाल अमेरिकावासी जंगबहादुर श्रेष्ठको सक्रियतामा प्रा.डा.ऋषि गुरुको सल्लाहअनुसार समितिबाट बनाइएको ।

६. **कुलदेवतापूजा टहराः**—स्थानीय कुलदेवता पूजा गर्ने गुठियारहरूले आपसी चन्दा उठाई बनाइएको ।

७. **बोलबम पाटीः**—उत्तरवाहिनीबोलबम समूहबाट प्रा. डा. ऋषिगुरू, इन्जिनीयर श्री पूर्णबहादुर श्रेष्ठ र श्री भैरबबहादुर श्रेष्ठको रेखदेखमा निर्माण भएको ।

८. **उत्तरतर्फका दुई वटा पाटी**ः—पूर्वतर्फ श्री हीराभाइ होडा श्रेष्ठ चाबहिल र दक्षिणतर्फ सांसद श्री चक्रबहादुर ठकुरी तथा स्थानीय जनसहयोगबाट बनेको ।

९. **स्टेल ढुङ्गाः**—तत्कालीन वडाध्यक्ष श्री भैरबबहादुर श्रेष्ठको अगुवाइमा प्रा.डा.ऋषिरामले नवाह भन्दा र चिठ्ठा खोल्दा आएको रकमबाट कान्तिभैरब वरिपरि स्लेट ढङ्गा बिछाइएको र श्री १००८ रामबाबा (भाङ्ग्रेबाबा) लाई दक्षिणा दिएको रकमको सहयोगमा राममन्दिर अगाडि ढुङ्गा छापिएको ।

१०. **दक्षिण तर्फको धाराः**—श्री भैरबबहादुर श्रेष्ठ र श्री हीराभाइ होडा श्रेष्ठको प्रेरणामा कमला श्रेष्ठ ढुङ्गानाद्वारा बनाइएको ।

११. **दक्षिणतर्फको खुला र पाटीहरू**—श्री भैरबबहादुर श्रेष्ठ, ऋषिगुरू र श्री हीराभाइ होडा श्रेष्ठको अनुरोधमा (क) श्री विनय श्रेष्ठ (ख) श्रीमती अञ्जना श्रेष्ठ (ग) श्रीमती कमला दुङ्गाना श्रेष्ठ र श्रीमती जानकी जोशी (घ) शहरी विकास मन्त्रालय र स्थानीय समितिका तर्फबाट बनेको ।

१२. **दक्षिणतर्फको श्राद्धस्थल र रामघाट** :— श्री ऋषि गुरू, भैरवबहादुर श्रेष्ठ र शीतलमानबाट केही बनेपछि विजयकुमार थापाले जग्गादान गर्नु भई श्री विदुरकुमार थापाले बनाइदिनुभएकोमा बाढीले भत्किन गई श्री भैरबबहादुर श्रेष्ठको पहलमा पुनः बनाई दिनु भएको र त्यसमा विष्णु पादुका, छत र बस्ने मेचहरु श्री हीराभाइ होडा श्रेष्ठको संयोजकत्वमा श्रीमती कमला दुङ्गाना श्रेष्ठ, श्रीमती जानकी जोशी, श्री विनय श्रेष्ठ र श्रीमती अञ्जना श्रेष्ठ समेत भक्तजनहरु मिली बनाइदिनु भएको ।

१३. **पुल पारिको आश्रमः**—स्वामी श्री ज्ञान चैतन्यब्रह्मचारी बाबाले पुनर्निर्माण गराउनु भएको ।

१४. दक्षिण सत्तलका विष्णुपादुका १० जना भक्तहरूले बनाइदिनु भै सोमा

मार्बल समेत छापेको ।

१५. सोमाथि जस्ता छाना निर्माण श्री राममान श्रेष्ठ श्रीमती रमा श्रेष्ठ, श्री शिवगोपाल श्रेष्ठले, श्री हीराभाइ होडा श्रेष्ठको संयोजनमा राख्नु भएको ।

१६. **पुल पारिको सीताघाटको सिढीः–** पूर्व सभासद श्री चक्रबहादुर ठकुरी र भैरबहादुर श्रेष्ठ पुलमाथिल्लापट्टि श्री कृष्णश्रेष्ठ र श्री भैरबबहादुर श्रेष्ठबाट दक्षिणतिरको थप सिढीहरु तथा दक्षिणतर्फ थप सिढी समेत. अधिकार सम्पन्न वाग्मती सभ्यता एकीकृत विकास समितिले निर्माण गरिदिएको ।

१७. **वासुकीसँगैको घाट** साविकको घाट वागमतीको तटबन्ध गर्दा सारिएबाट अधिकारसम्पन्न वाग्मती ढलनिर्माणको सहयोगमा केही बढाई पुनर्निर्माण तथा तान्त्रिक लम्बकर्ण भट्टले बनाएर पुरिएको चिता र स्वर्गीय श्री टीकानारायण श्रेष्ठका छोरा श्री श्री कृष्णराम र नन्दरामले बनाएकोमा पंक्तिकारको सल्लाहअनुसार पुन तल सारेर भैरवजीको अगुवाइमा पुनर्निर्माण गरिएको र सोहि कममा वासुकीस्थान पनि बनाइएको छ ।

१८ **पुलवारीको स्लाप, फूलवारी, इनार र धाराः** श्री भैरववहादुर श्रेष्ठ र श्री शीतलमान सि, श्रीमती कमला दुङ्गाना श्रेष्ठसमेतको सक्रियतामा जनसहयोग एवं समिति मिलेर वनाइएको ।

१९ **पद्‌ममुक्तेश्वर प्राङ्गणको स्लेटः** भक्त श्री विश्वनाथ पोद्दार र भागीरथी पोद्दारले र भैरववहादुरले पद्‌ममुक्तेश्वर अगाडी स्लेट ढुङ्गा छापेको ।

२०. **नयाँ भवनः** गुरूकुलका सल्लाहकार पं देवेन्द्र लम्सालज्यूको प्रेरणाले ईञ्जिनीयर श्री वर्ण न्यौपानेबाट करीब १२ लाख खर्च गरी डा. श्रीराम अधिकारीमार्फत् बनाइदिनु भएको ।

२१. **पुरानो धर्मशालाको दोश्रो/तेश्रो तलाः** पंक्तिकारको अनुरोधमा श्री युवकपाणि गौतम तथा स्थानीय जनसहयोगमा साविकको क. श्री उपेन्द्र थापाको अगुवाइमा वनेको धर्मशालामा दोश्रो तला र श्री हरिभक्त सिग्देलको पहलमा श्री ऋषिराम गुरूको अनुरोध अनुसार श्री अजय सुमार्गीका तर्फबाट रू.३,५१,००० मा श्रीमती निर्मला अर्यालले ट्रस छाना लगाइदिएको ।

२२. पानीटंकी र धारा श्री दिलबहादुर श्रेष्ठबाट ५०० लि.को र रामचन्द्र दुङ्गानाबाट १००० लि. डा. बद्री पोखरेल र श्री अमृतमणि निरौलाबाट १००० लि. को, श्रीमती कमला दुङ्गाना श्रेष्ठ र गोपीकृष्ण नागरबाट १। हजारका दुई वटा र इनार समेत तयार गरिएको हो ।

२३. कान्तीश्वरी (कान्तिभैरब) वरिपरिका स्टीलका मेचहरू : श्री हीराभाइको अगुवाक्ष्मा श्री भैरबबहादुर श्रेष्ठको पहलमा मेचहरू..... राखिदिएको ।

पूर्वोक्त पञ्चमुखी हनुमानको ५ मुखको वर्णन पञ्चमुखी हनुमान कवचअनुसार यस प्रकार छ-

पञ्चवक्त्रं महाभीमं कपियूथसमन्वितम् ।
बाहुभिर्दशभिर्युक्तं सर्वकामार्थसिद्धिदम् ॥१॥

पूर्वं तु वानरं वक्त्रं कोटिसूर्यसमप्रभम् ।
दंष्टाकरालवदनं भृकुटीकुटिलेक्षणम् ॥२॥

अस्यैव दक्षिणं वक्त्रं नारसिंहं महाद्भुतम् ।
अत्युग्रतेजोवपुषं भीषणंभयनाशनम् ॥३॥

पश्चिमे गारूडं वक्त्रं वक्रतुण्डं महाबलम् ।
सर्वनागप्रशमनं सर्वभूतादिकृन्तनम् ॥४॥

उत्तरे सौकरं वक्त्रं कृष्णदीप्तनभोमयम् ।
पाताले सिद्धिवेतालं ज्वररोगादिकृन्तनम् ॥५॥

ऊर्ध्वं चैवाननं घोरं दानवान्तकरं परम् ।
येन वक्त्रेण विप्रेन्द्र तारकाया महाहवे ॥६॥

दुर्गतेः शरणं तस्य सर्वशत्रुहरं परम् ।
ध्यात्वा पञ्चमुखं रूद्रं हनुमन्तं दयानिधिम् ॥७॥

अर्थात् यी पञ्चमुख भएका हनुमान्का १० हात छन् । यिनको ध्यान र पूजा गर्नाले शत्रुनाश भै सुखशान्ति प्राप्त हुन्छ । ती १० हातमध्ये खड्ग, त्रिशूल, खट्वाङ्ग (मुग्रो) पाश, अँुश, द्रोणाचल पर्वत, मुठीमा लड्डू र रूख, कमण्डलु भिन्दीपाल, ज्ञानमुद्रा र अभयमुद्रा हुनुपर्ने भनी पञ्चमुखी हनुमानको कवच स्तोत्रमा वर्णन भएतापनि यस मूर्तिमा भने रूख, कमण्डलु र लड्डू लिएको देखिदैन । हनुमान कवचमा पञ्चमुखी हनुमानको हातहतियारको वर्णन यस प्रकार छ ।

खड्गं त्रिशूलं खट्वाङ्गं पाशमुशपर्वतम् ।
मुष्टौ तु मोदकौ वृक्षं धारयन्तं कमण्डलुम् ॥

भिन्दिपालं ज्ञानमुद्रां दमनं मुनिपुङ्गव ।
एतान्यायुधजालानि धारयन्तं भयापहम् ॥

१९ कान्तिभैरव गुरूकुल विद्यालय

यो विद्यालय स्थानीय उत्तरवाहिनी कान्तिभैरव क्षेत्र संरक्षण समिति अन्तर्गत सञ्चालित छ । यसको स्थापना प्रा. डा. ऋषिराम पोखरेलको अगुवाइमा श्री भैरववहादुर श्रेष्ठ, श्री गोविन्द बहादुर श्रेष्ठ, श्रीचन के. सी. आदिको सहयोग एवं सहप्रा. डा. श्री श्रीराम अधिकारीको विशेष सक्रियतामा भएको हो । शुरूमा पद्ममुक्तेश्वर सँगैको हाताको १ तले साविकको धर्मशालामा श्री युवकपाणि गौतमको सहयोगमा बनेको हल तथा शीतलमान सिं लगायतको सहयोगमा प्रा.डा.ऋषिराम पोखरेलको सत्सङ्ग प्रवचनका माध्यमतले जनसहयोग जुटाई थपिएको दोस्रो तलामा संचालित विद्यालयलाई स्थान अपर्याप्त भएपछि संस्थापक अध्यक्षको पहलमा श्री हरिभक्त सिग्देल तथा उपेन्द्र महतोको अनुरोधमा श्री अजय सुमार्गीको प्रेरणाले कुपण्डोल निवासी श्रीमती निर्मला अर्यालबाट प्राप्त रू ३ लाख ५१ हजारबाट सो भवनमा रंगीन जस्ताको ट्रस छाना लगाई भान्सा तथा पढ्ने कक्षा कोठा संचालन भएको भएतापनि अपर्याप्त रहेबाट विद्यालयका सल्लाहकार श्री देवेन्द्र लम्सालजीको पहलमा डा. पोखरेल तथा डा. श्रीरामको अनुरोध अनुसार रू १५ लाखको लागतमा इन्जिनीयर श्री वर्ण न्यौपानेजीको एकल सहयोगमा पुरानो प्रवचन टहरा रहेको स्थानमा एकतले पक्की भवन निर्माण भयो भने स्वर्गीय गुरूवर

आदरणीय सोमनाथ पौडेलकी धर्मपत्नी श्रीमती जुनु पौडेलले रू एक लाख

तथा स्वर्गीय व्यास पौडेलकी श्रीमती शशि पौडेलबाट ७६ हजार, स्वर्गीय मीननाथ अधिकारीका नाममा वहाँकी श्रीमती धन कुमारी अधिकारी सुपुत्र श्री दामोदर अधिकारी र बुहारी श्रीमती सावित्री अधिकारीबाट १ लाख र प्रा. डा. ऋषिरामपोखरेलबाट १० हजार तथा श्रीचन के.सीबाट रू ३० हजार तथा स्व. पिताजीका नाममा वहाँका सुपुत्र मुरारी प्रसाद भण्डारी तथा श्रीमती भण्डारीबाट रू ७५ हजार दान गरी अक्षयकोषमा राखिएको छ त्यस्तै गोकर्ण न्यौपाने, गोठाटारबाट रू. २,००,०००, संस्कृतिप्रवर्द्धन केन्द्र, नेपालबाट २५,०००, मृगेन्द्र सम्झना चिकत्सा गुठी, बबरमहलबाट १५,०००, ध्रुव भट्टराई, स्युचाटारले १०,०००, राशी अक्षयकोष स्थापनार्थ सहयोग प्राप्त भएको छ भने गणेश गौतम, स्यूचाटार १०,५५५, भीमसेन विडारी स्यूचाटार १०,०५५, कुमारब. खत्री स्यूचाटार १०,०७०, मथुरा विडारी, स्यूचाटार १०,०५५, जयतुसंस्कृतम् संस्थाले १०,०००, पनि अक्षयकोषमा राखिदिनुभएको छ पूर्व प्र.ना.उ. धार्मिक साहित्यकार श्री हरिभक्त र श्रीमती मीना सिग्देलबाट मासिक रू. ३०००, प्राप्त भइरहेछ । पूर्व संचिव माधव घिमिरेबाट विगत ३ वर्ष देखि वार्षिक रू १३,००० प्रदान भइरहेको छ । यसैगरी स्रोतव्यक्ति श्री यदुनाथशर्मा तथा गुरूकुलव्यवस्थापन परिषद्को पहलमा नेपाल सरकार शिक्षामन्त्रालय जिल्लाशिक्षा कार्यालयबाट एक जना प्राथमिक शिक्षकको तलव बराबरको अनुदान प्राप्त भएबाट धेरै राहत मिल्दै गएको छ भने इन्जिनीयर श्री वर्ण न्यौपानेले शुरूका दिन देखि २ वर्षसम्म मासिक १०,००० का दरले शिक्षक पारिश्रमिक प्रदान गर्नु भएको थियो र महर्षि महेश वैदिक फाउण्डेशनबाट एक ध्यान शिक्षकसहित मासिक रू. ५५ हजार प्राप्त भई सो वापत दैनिक ११ जना वटुकद्वारा ११ आवृत्ति रूद्राभिषेक र ध्यान कक्षा समेत हुने गरेको छ । वैदिक सनातन धर्म प्रेमीहरूले वैदिक कर्मकाण्ड रक्षार्थ प्रदान गर्ने मुष्टिदान स्वरूप अन्नपात र सक्दो आर्थिक सहयोगले समेत यस विद्यालयलाई धेरै प्रोत्साहन मिल्दै आएको छ । यस विद्यालयमा श्री केशवप्रसाद र अनिता चापागाईद्वारा सोलार बत्ती, श्री टीकाप्रसाद चापागाईले सोलार ब्याट्री, माधव चापागाईबाट ग्यास गीजर प्रदान भएको छ । रामचन्द्र ढुङ्गानाबाट १००० लि.को पानीट्याङ्की एक र आशापुरेश्वर मन्दिर गोठाटारबाट १००० लि.को एक टंकी दान गरी सहयोग प्राप्त भएको छ । लोकसमृद्धि दिशाबोध नेपालले बिगत २ वर्ष देखि मासिकरूपमा १०१ के.जी चामल सहयोग गर्दै आएको छ भने महिला सशक्तीकरण, अत्तरखेलले कम्बल, कृषि सामग्री संस्थान टेकुले

१०,००० भवन निर्माणमा सहयोग, शान्ति धौभडेलबाट ४०,०००, फलामको खाट निर्माणमा सहयोग गर्नुभएको छ । त्यस्तै श्री उत्तम श्रेष्ठ (मैतीदेवी) ले विद्यालयका शुरूका दिन देखिबाट नै मासिक रूपमा (करीब २,२०० बरबरको) खाद्यान्न सहयोग गरिरहनु भएको छ ।

बेलाबलामा अन्नपूर्ण आश्रम, पशुपतिनाथले खाद्यान्न, लता कपडा, रूमाल, जाकेट सहयोग गरिरहेको छ । मिटटाउन संस्थाका तर्फबाट कम्बल, ह्वाइट बोर्ड, मार्कर पेन प्राप्त भइरहेकोछ । अखण्डानन्द आश्रम, अत्तरखेलका तर्फबाट प्रिन्टर, फ्लेक्स ब्यानर सहयोग भएकोछ । पं. कृष्णप्रसाद सत्याल अनामनगरका तर्फबाट राइसकुकर, कम्प्युटर प्राप्त भएकोछ । लाइन्सक्लबका तर्फबाट हरियो पाइप, पछौरा सहयोग भइरहेको छ । दैनिक सामग्री आवश्यक हुने यस किसिमको संस्थामा असंख्य महानुभावहरूले अमूल्य सहयोग गरिरहनु भएको छ, जंसबाट यो विद्यालय सुचारू चल्न सकेको छ । स्थानीय श्रद्धालु भक्तजनहरूले मुष्टिदान, सागपात, आलु प्रदान गरिरहनु भएकोछ । त्यसरीनै गुरूकुल विद्यालयलाई रमेश विकल साहित्य प्रतिष्ठानले ताम्रपत्र सहित रू ११,००१ नगद र प्रेमदत्त गोमा त्रिपाठी स्मृति प्रतिष्ठानले प्रसंशा पत्रसहति रू ५,००१ ले सम्मान गरिएको छ ।

यस क्रममा श्री कान्तिभैरब उत्तरगया क्षेत्र व्यवस्थापन समिति मार्फत् गुरूकुल विद्यालयको कार्यलाई सहयोग पुग्ने गरी अमूर्त सांस्कृतिक सम्पदा संरक्षणार्थ नेपाल सरकार पर्यटन संस्कृति तथा नागरिक उड्डयन मन्त्रालयबाट रू. पचास हजार समेत प्राप्त भएको छ भने यसलाई निरन्तरता प्रदान गरिनेछ भनी विद्यालय परिवार विश्वस्त छ । यस विद्यालयसम्बन्धी परिचयविवरण यस प्रकार छ ।

(१) यस पवित्र तीर्थमा प्रा. डा. ऋषिराम पोखरेलको अगुवाइमा विभिन्न भक्त एवं सहयोगीहरूबाट भएका करोडौंका निर्माण कार्यका क्रममा जि.प्र.का. द. नं. २२९ मा पञ्जीकृत उत्तरवाहिनी पितृतीर्थ श्री कान्तिभैरव उत्तरगया क्षेत्र व्यवस्थापन समितिअन्तर्गत यो विद्यालय वि.सं. २०६५ देखि संचालित छ । यो विद्यालय जि.शि.का. काठमाण्डौमा विधिवत् दर्ता गरिएको छ । यो विद्यालयमा कुनै प्रकारको शुल्क (फी) लिइने गरिएको छैन । खान, बस्न लाउन, पढ्न सबै निःशुल्क दिइन्छ र हाल ३० वटुक ९ शिक्षककर्मचारी सेवारत छन् ।

(२) यस तीर्थलाई वैदिक कर्मकाण्ड शिक्षा केन्द्रका रूपमा स्थापित गर्ने

र वर्तमान परिस्थितिमा धर्मसंस्कृतिको अभिन्न अङ्ग कर्मकाण्डलाई शुद्धसँग गर्न गराउन सक्ने जनशक्ति समेत तयार गर्ने पवित्र उद्देश्यले प्रा.डा.पोखरेलको प्रयत्नमासहप्रा.डा.श्रीराम अधिकारीको रेखदेखमा श्री जयकृष्ण आचार्यको सुपरिवेक्षकत्वमा जनस्तरबाट नै यो विद्यालय संचालन भएको छ । हाल यस विद्यालयमा निमित्त प्र. अ. पुष्पा पोखरेल, शिक्षकहरू श्रीऋषिराम ढकाल, श्री दधिरामपराजुली, श्री शोभाकान्त तिमल्सिना, श्री राजेश पोखरेल, श्री लक्ष्मण खतिवडा हुनुहुन्छ भने श्री रामकृष्ण न्यौपानेले भान्छा सहयोगी भएर कार्य गरिरहनु भएकोछ ।

(३) हाम्रो धर्मशास्त्रअनुसार वेद साक्षात् भगवान् हो, किनभने सबै बेला सबैका सामु भगवान् वेद मन्त्रका माध्यममबाट नै आउनुहुन्छ । वहाँका शास नै वेद हो । वेद वाणी नै हाम्रो सामु सधैं उपलब्ध छ र त्यसको रक्षा र अनुसरण गरेमा भगवान्‌को पूजासमेत हुन्छ ।

वेदो नारायणः साक्षात् स्वयम्भुरिति सुश्रुमः ।
वेदाभ्यासरतेभ्यो हि दानं भगवदर्चनम् ॥

वेदपाठरतैर्नित्यमर्च्यन्ते पितृदेवताः ।
तेभ्यो दानेन पितरो देवा यच्छन्ति सम्पदः॥

यस्यान्नं भुवि दत्तेन वेदाभ्यासेन जीर्यते ।
एकविंशतिगोत्राणि तारयेन्नात्र शंसयः ॥

अर्थात् वेद साक्षात् भगवान् नारायण हो । वेदाभ्यासीलाई दिएको अन्न र दानले देवता पितृहरु तृप्त हुन्छन् र एक्काइस पुस्ताहरु तर्छन् यसमा शंका छैन । हाम्रा धर्म कर्म सबै वेदबाटै चल्दै आएका छन् । वेद र वेदाभ्यासीको रक्षा गर्नु हाम्रो धर्म (कर्तव्य) हो । यही उद्देश्यले यस सिद्धभूमि उत्तरगया पितृतीर्थमा श्री कान्तिभैरव गुरूकुल विद्यालय संचालित भएको हो । ११ जनाबाट शुरू गरिएको यस विद्यालयमा हाल ३० जना विद्यार्थी अध्ययनरत छन् । यसमा ६ शिक्षक ३ कर्मचारी कार्यरत छन् । भविष्यमा जनसहयोग प्राप्त हुँदै गएमा कमशः विद्यार्थी संख्या थप गर्दै ५४, १०८ जना विद्यार्थी सम्म राखी कक्षा १० सम्म पढाउने लक्ष्य राखिएको छ । श्रद्धालु भक्तजनको सदिच्छा, सहयोग र मुष्टिदानबाटै यसको सञ्चालन भइरहेको छ ।

गुरूकुलमा सहयोग गर्ने तरिका

१. पितृपितामह तीर्थको मुटु मानिएको १ कोष गयाशिर (गोकर्णेश्वर महादेव र गदाधर भगवान्‌को क्षेत्र अन्तर्गत) उत्तरवाहिनी (वाग्मतीको) पावन उत्तरगया पितृतीर्थको शिरका रूपमा प्रसिद्ध छ र यहाँ पौष गया औंसीमा प्रतिवर्ष श्राद्ध गर्नेको ठूलो मेला लाग्छ ।

यस पितृतीर्थमा आई श्राद्ध तर्पण आदि कार्य गर्न गराउन चाहने धर्मप्राण महानुभावहरूलाई सहयोग पुगोस् र यसबाट गुरूकुल विद्यालयको अक्षयकोष सम्बर्धनमा समेत टेवा पुगोस् भनी विद्यालय सञ्चालक समितिले निम्न योजना अगाडि सारेको छ ।

(क) यस उत्तरगया पतितीर्थमा आफु स्वयं आई श्राद्ध गर्न नसक्ने अवस्था पर्नेले वार्षिक श्राद्धका निमित्त एकमुष्ट रू.५०,००० अक्षयकोषमा जम्मा गरेमा विधिपूर्वक वार्षिक श्राद्ध गरिनेछ ।

(ख) माता पिता वा कुनै दुई पितृको १/१ पटक वार्षिक श्राद्ध गराउन चाहेमा एकमुष्ट रू. ७५,००० अक्षयकोष राखिदिनु पर्नेछ ।

(ग) माता पिताको वार्षिक श्राद्धका साथै सोह्र श्राद्ध समेत गराउन चाहेमा १०,०००० अक्षयकोष राखिदिनु पर्नेछ । ।

(घ) वार्षिक पौषगया औशीमा तीर्थश्राद्ध गराउन चाहेमा एकमुष्ट रू.५,००० प्रदान गर्नुपर्नेछ ।

(घ) पितृका नाममा एक दिन आरती गर्न चाहेमा रू. १,००० प्रदान गर्नुपर्नेछ ।

(ङ) वेदाध्यायी वटुकहरूलाई भोजन गराउन चाहेमा एक छाकको निम्ति एकमुष्ट नगद रू.४५०० प्रदान गर्नुपर्नेछ ।

(च) यस विद्यालयलाई अनवरत सहयोग पु-याउन चाहने उदारमनाहरूको निमित्त निम्न प्रकारको व्यवस्था गरिएको छ ।

१) प्रमुख संरक्षक बनी अक्षय कोषका निमित्त एकमुष्ट नगद रू. ५०,००० दिएर ।

२) प्रमुख सल्लाहकार बनी अक्षय कोषका निमित्त एकमुष्ट नगद रू.२५,००० दिएर ।

३) सल्लाहकार बनी अक्षय कोषका निमित्त एकमुष्ट नगद रू.१५,००० दिएर ।

४) संरक्षक बनी अक्षय कोषका निमित्त एकमुष्ट नगद रू. १०,००० दिएर ।

५) आजीवन सदस्य बनी अक्षय कोषका निमित्त एकमुष्ट नगद रू.[illegible]००

दिएर ।

ज) स्थानीय पञ्चमुक्तेश्वरमा नित्य रूद्राभिषेक भइरहेकोमा विशेष रूद्राभिषेक, जन्मोत्सव, पञ्चमुखी हनुमान थानमा हनुमान चालिसा आदि गराउन चाहने महानुभावहरूले कार्यको स्वरूप अनुसार आपसी सल्लाहमा शुल्क व्यवस्थापन गर्न सकिने छ ।

(झ) विशेष कार्यक्रम वा रूद्राभिषेक आदिमा वटुकहरूलाई आमन्त्रण गरिएमा वटुकहरूलाई समुचित दान दक्षिणा बाहेक प्रति वटुक रू. १०० विद्यालयलाई विशेष सहयोग स्वरूप प्रदान गर्नु पर्नेछ ।

अतः हामी यस पवित्र कार्यमा स्वधर्म स्वकर्म प्रति श्रद्धा गर्ने सज्जन, उदारमना दाता र सहयोगीबाट श्रद्धा र गच्छे अनुसारको मुष्टिदान गरिदिनु भई सहयोग एवं उचित सरसल्लाहका निम्ति सादर अपिल गर्दछौं ।

(३) श्री कान्ति भैरव गुरूकुल विद्यालय सञ्चालक समितिका वर्तमान पदाधिकारी–

(क) अनन्तश्री विभूषित महामण्डलेश्वरआत्मानन्दगिरिज्यू महाराज- प्रमुखसंरक्षक

(ख) अनन्तश्री विभूषित जगद्‌गुरू बालसन्त मोहनशरणज्यू-संरक्षक

प्रा.डा.ऋषिराम पोखरेल	अध्यक्ष
डा.श्रीराम अधिकारी	सचिव
श्री रामहरि भण्डारी	कोषाध्यक्ष
श्री वटुराम भण्डारी	सदस्य
श्री गोविन्दबहादुर श्रेष्ठ	सदस्य
श्री भैरवबहादुर श्रेष्ठ	सदस्य
श्री रमेशप्रसाद सिग्देल	सदस्य
श्री शोभाकान्त तिमल्सिना	सदस्य
श्रीचन के.सी.	सदस्य

(४) विशेष सल्लाहकार

(क) नि.सांसद श्री चक्रबहादुर ठकुरी

(ख) श्री हरिभक्त सिग्देल (पू.प्र.ना.उ.)

(ग) पं.ज्यो.जितेन्द्र शर्मा 'वटु'

(घ) पं देवेन्द्र लम्साल

(ङ) श्री हीराभाइ होडा श्रेष्ठ

हनुमानको जन्म प्रसङ्ग

१. संसारमा ४ थरी प्राणी छन् । १ जरायुज २ अण्डज ३ उद्भिज्ज ४ स्वेदज । सालनालबाट जन्मने मनुष्य वा पशुलाई जरायुज, फुलबाट पैदा हुने पंछी, सर्प कमिला आदिलाई अण्डज, जमिन छिचलेर जन्मने झारपात बोट विरूवा आदिलाई उद्भिज्ज र स्वेदज अर्थात पसीनाबाट जन्मने जुम्रा जस्ता प्राणीलाई स्वेदज भनिन्छ । हाम्रा वेद पुराण, धर्मशास्त्रआदिले निर्क्योल गरेका यी चारथरी भन्दा अर्को थरी प्राणी यो विश्व ब्रह्माण्डमा कही पाइदैन । हाम्रा वेद, रामायण, महाभारत, पुराण आदि शास्त्रअनुसार हनुमान, मत्स्येन्द्रनाथ, गोरखनाथ, कार्तिकेय, गणेश र मकरध्वजहरु स्वेदज (पसिना) बाट पैदा भएका हुन् । शिवजीले विष्णुको मोहिनी अवतार देखेर पाउ पक्रन धेरै परिश्रम वा दौडले गर्दा आएको पसिनाले लप्प भएर शिवजीको शरीरबाट पसिनाको धारा बग्न थाल्यो । यो देखेर श्री विष्णु 'भगवान्लाई भगवान्सँग शिवजीले अञ्जनी र केशरीलाई आफनो (शिवांश) अंशबाट पुत्र हुनेछ" भनेर वर दिएको कुरा संम्झना भयो । पसिनाका रूपमा 'वीर्य (वोसो) पग्लेर आउनेहुँदा हामीपनि मोटोपना घटाउन डाक्टरको सल्लाह अनुसार पसीना काट्नेगरी दौडने गर्छौ । विष्णुले शिवको पसीनालाई आफ्नो हातमा थापी वायुद्वारा अंजनीका कानबाट गर्भाशयमा पठाइदिए फलस्वरूप अञ्जनीको गर्भ रह्यो र उनले शिवको अवतारका रूपमा हनुमान्लाई जन्म दिइन् । हरिको आज्ञा र वायुको माध्यमले शिवको वीर्यरूप पसीना अञ्जनीको गर्भ रहेको हुँदा हनुमानका निम्ति हरि (विष्णु) र वायु धर्म पिता हुन गए । केशरी (वानरराज) र अंजनी पिता माता भए । शिवजीको पसीनारूपी वीर्यबाट हनुमान शिवांश अर्थात् रूद्रावतार मानिए । हनुमान्ले समुद्र नाघ्न धेरै बल गरी उड्दा बगेको पसीनाबाट मकरी (पोथी) को मुखमा परी गर्भ रहेर मकरध्वज जन्मे । यसै गरी पार्वतीको शरीरबाट निस्किएको पसीना मिसिएको मयलबाट श्री गणेशको र शिवजीको पसिनामय वीर्यबाट कार्तिकेय एवम् श्री विष्णु भगवानले आफ्नो हातमा

थापेको भगवान् शिवजीको वासनारूपी वीर्यको बाँकी भाग नदीमा धुँदा त्यसलाई माछाले खाएबाट मत्स्येन्द्रनाथको र हातमा लागेको चिल्लोलाई गोबरले धुँदा त्यो गोबरबाट गोरखनाथको उत्पत्ति भएको हो भन्ने कुरा हाम्रा रामायण पुराण आदिको अनुसन्धान गर्दा स्पष्ट हुन्छ । हामी मानिसको पसिनाबाट भने जुम्रामात्रै उत्पन्न भएको पाइन्छ ।

२. हनुमानको उत्पत्ति सम्बन्धमा अध्यात्म रामायण, वाल्मीकि रामायण, अद्‌भुतरामायण, भविष्यरामायण, भुसुण्डी रामायण, रामचरित मानस आदिको अध्ययन गर्दा अर्को रोचक प्रसङ्ग पनि थाहा पाइन्छ । जस अनुसार कुनै वेला वानरराज केसरी र उनकी धर्मपत्नी अञ्जनीले अञ्जन पर्वतमा पुत्र प्राप्त होस् भनी भगवान् शिवजीको तपस्या गरे । उनीहरूले प्राणयाम गरी अर्थात् सास रोकेर हजार वर्ष सम्म शिवजीको आराधना गर्दा सदाशिव शंकरजी प्रकट भै आज्ञा भयो हे अंजनी ! तिमी यहाँ वसी आँखा बन्द गरी हात फिजाइ मेरो ध्यान गरी वसी राख । त्यसवेला वायुले उडाएर ल्याएको जुनकुरा तिम्रो हातमा पर्छ त्यो आँखा नखोलीकन मेरो ध्यान गरी खाऊ त्यसबाट तिमीलाई मेरो अंश (शिवांशबाट अर्थात् एघारौं रूद्ररूपधारी महावीर पुत्र प्राप्त हुनेछ भनी अन्तर्ध्यान हनुभयो । अञ्जनी शंकरजीको आज्ञानुसार हातफैलाई अंजुली थापेर शंकरकै ध्यान गरिरहिन् । सो समयमा राजा दशरथले यज्ञ गर्दा अग्नि कुण्डबाट भगवान् यज्ञ पुरूष प्रकट भएर यो पायस रानीहरूलाई खान देउ तिमीलाई पुत्र प्राप्त हुनेछ भनेर दिनु भएको पायस कौशल्या, कैकेयी, सुमित्राका हातमा राजा दशरथले दिए । त्यस समयमा कैकेयीका हातको पायस चीलले टिपेर उड्यो । सोही वेला ठूलो हुरी बतास आएर चीलको चुच्चाले च्यापेको पायस उडायर अञ्जनीका हातमा पर्न गयो । अञ्जनीले श्री शिवजीको आज्ञा सम्झेर आँखा बन्द गरेरै त्यो पायस खाइन् । ९ महिनापछि चैत्र शुक्ल पूर्णिमाका दिन मंगलवार अञ्जनीको गर्भबाट एघारौं रूद्रांशावतार हनुमानको जन्म भयो । हनुमान जन्मदै देखिनै मूजको मेखला, कौपीन र जनै लगाएका कानमा कुण्डल, लामो पुच्छर, मुगा झैं रातो वर्ण भएका थिए । उनले जन्मने बित्तिकै भोक लाग्यो के खाउ भन्न थाले । रातो भएर पाकेको फल खानु पर्छ भनी अञ्जनीले वगैचातिर फल खोज्न गइन् । भोकाएका हनुमानले

उदाउदै गरेको बाल सूर्यलाई पाकेको फल ठानेर आकासमा उडेर गै सूर्यलाई निल्न लागे । दैव संयोगले राहुले पनि त्यो वेला सूर्यलाई निल्न लागेको थियो । हनुमानले राहुलाई पुच्छरले हानेर मुर्छा पारेछन् र इन्द्रले विशाल सेना लिएर राहुको मद्दत गर्न आएछन् । हनुमानले त्यो सेनालाई हराइदिए । इन्द्रले वज्र प्रहार गरी हनुमानको च्यूडो फोरी मुर्छा पारेछन् । वायुले मेरो छोरालाई इन्द्रले मुर्छा पारेकाले म मेरो छोरा कुरेर बस्छु कतै जान्न भनी त्यही रोकिएर वसे । वायु चल्न बन्द भएपछि संसारका प्राणी सबै प्राणी अचेत भइ मुर्छा परेर हाहाकार मच्चियो । त्यस ठाउँमा ब्रह्मा, विष्णु, शिव, इन्द्र, कुवेर, वरूण, अग्नि आदि सबै देवता आई वायुलाई सबैतिर वहेर मुर्छित प्राणीलाई वचाऊ भनी अनुरोध गरे तर वायुले मेरो छोराको च्यूडो सद्दे वनाई मूर्छाबाट सचेत पारेमामात्र म सबैतिर वहेर संसारका प्राणीलाई बचाउनेछु भनी जिकिर गरे ।

३. अन्ततः संसारका सबै प्राणी बचाउनका निम्ति विष्णुले भने हे वायुदेव ! तपाइँको छोरा स्वस्थ भै अजेय हुनेछ र ब्राह्मकल्पसम्म बाँच्ने (चिरञ्जीवी) हुनेछ भनी वरदान दिनुभयो । ब्रह्माले पनि ब्रह्मास्त्र, ब्रह्मपाश, ब्रह्मदण्ड आदि अस्त्रले पनि हनुमानलाई केही गर्ने छैन भनी वरदान दिए । शिवजीले पनि हनुमानलाई आफ्नो तेज दिएर त्रिशूलले पनि केही गर्ने छैन भने । इन्द्रले अवदेखि यी हनु (च्यूडो) सद्दे भै हनुमान् कै नामले प्रसिद्ध हुने छन् र मेरो वज्रले पनि असर गर्ने छैन भनी वरदान दिए । कुवेरले यी हनुमानले असुरहरूको नाश गर्न सक्नेछन् भने । यमराजले कालदण्डले पनि वश गर्न सक्ने छैन भने । वरूणदेवले वायुपुत्र हनुमान्लाई युद्धमा नथाक्ने र अति बलवान हुने वर दिए । विश्वामित्रले कमलको माला लगाइदिए । यसरी सबै देवताहरूले वरदान दिई हनुमानलाई पुनर्जीवन दिएपछि वायुदेव प्रसन्न भै संसार भरि वहेर सबै प्राणीलाई पुनर्जीवन दिए । यस प्रकार हनुमान्लाई ज्यादै ठूलो वरदान दिएको देखेर अब यस हनुमानले हाम्रो तपस्यामा बाधा पार्ने छ र हाम्रा दण्ड, कमण्डलु, भिक्षापात्र र अन्नजल पनि नाश पार्छ भनेर अवदेखि यो हनुमान्ले आफनो बल बुद्धि र पुरूषार्थ बिर्सनेछ र सामान्य बानर झैं रहनेछ भनी श्राप दिए । त्यो सुनेर ब्रह्माजीले यिनलाई रामलाई मद्दत गर्ने क्रममा कुनै सज्जन बृद्धले स्मरण गराएमा उनको बुद्धि र बल

पुरूषार्थको स्मरण गर्न सक्नेछन् भनी सो श्रापमुक्ति हुने वचन दिनुभयो । यो प्रसङ्ग वाल्मीकि रामायणको उत्तरकाण्ड २५-४० सर्ग एवं मानस रामायण आदिमा उल्लेख भएको छ । यसपछि वायुले हनुमानलाई अञ्जनीको जिम्मा लगाइदिए । यस प्रकारले देवाधिदेव भगवान् शंकरको एघारौ रूद्रावतार पवनपुत्र हनुमानलाई पुत्ररूपमा पाई अति प्रसन्न भै वानरराज केशरी आफ्नी पत्नी अञ्जनीका साथ (हनुमानलाई) लिएर किष्किन्धा पर्वतको जंगलमा रहन थाले । पछि जाम्बवान्बाट हनुमानले आफ्नो परिचय पाएका र सवै वरदान पुनः सम्झेका कुरा वाल्मीकि रामायणको सुन्दरकाण्डमा आएकोछ । आदिकवि महर्षि वाल्मीकिले सय करोड श्लोक भएको रामायण रचेका थिए भन्ने कुरा आनन्दरामायणमा उल्लेख भएकोछ । ती असंख्य रामकथाका आधारमा सयौं ग्रन्थ बनेका छन् ।

४. रामायणहरूको अनुशीलन गर्दा रावणलाई मदत गर्न अहिरावणले हनुमानको पुछारले बनेको शिविरमा सुतेका रामलक्ष्मणलाई विभीषणको रूप लिएर हरण गरी पातालमा लगी पातालदेवीलाई नरबली दिने तयारी गर्दै थियो । विभीषणले मेरोरूप लिएर यस्तो गर्न सक्ने अहिरावण नै हुनु पर्छ अरूले सक्दैन । त्यो दुष्ट पातालपुरमा बस्छ भनेपछि हनुमान् पातालपुरी पुगे । द्वारपाल मकरध्वजको परिचय पछि त्यसलाई जितेर देवीथानमा पुग्दा रामलक्ष्मणलाई काट्न लागेको थाहा पाए । उनले उग्ररूप लिएर अहिरावणलाई मारेर रामलक्ष्मणलाई फिर्ता ल्याई पातालपुरीमा मकरध्वजलाई राजा बनाए । हनुमान्ले पातालपुरमा अहिरावणलाई खोज्दा अहिरावणले बनाएका पाँच किल्लामा पाँचथरी रूप लिएका थिए । प्रथमकिल्लामा वानरको रूप लिएर, दोस्रोमा बदेलको रूप, तेस्रोमा नृसिंहको, चौथोमामा गरूडको र पाँचौमा घोडाको रूप लिई सवै किल्ला पार गरेका हुँदा हनुमानको पाँचथरी मुखाकृतिमध्ये वानर, बँदेल नृसिंह, गरूडर घोडा समेत पाँचवटा थिए भन्ने रामायण कथा छ ।

५. आजपनि चैत्र शुक्लपूर्णिमालाई हनुमान् जयन्तीका रूपमा मनाउने परम्परा छ । यो परम्परा विशेषगरी दक्षिण भारतमा बढी प्रचलित छ भने सबैले मंगलवारका दिन श्रीहनुमान्को विशेष आराधना उपासना पूजाआजा गर्ने परम्परा छ । आद्य शंकराचार्य एवं सन्त तुलसीदासले हनुमानको उपासनाबाट सिद्धि पाएका थिए भन्ने किंवदन्ती पनि अद्यापि प्रचलित छ । यहाद्वारा रचिएका श्री हनुमत्पञ्चरत्न, हनुमान चालिसा,

हनुमान बाहुक, तुलसीकृत रामायण आदि प्रसिद्ध छन् । श्रीराम भक्त हनुमानका सम्बन्धमा विशेष अनुसन्धान गरी विद्वान् पण्डित आचार्य शिवदत्त मिश्र शास्त्रीले हनुमान् पञ्चासीसहित श्री हनुमद्रहस्य नामको महत्त्वपूर्ण ग्रन्थ तयार गरी ज्योतिष प्रकाशन चौक, वाराणसीबाट प्रकाशित गर्नु भएको छ । (१) हनुमत्पूजा २) पूजा सामग्री ३) पूजा पद्धति ४) हनुमत् पटल ५) एकमुख ६) पञ्चमुख हनुमत्कवच ७) एकादश मुख हनुमत्कवच (८) हनुमत्स्त्रोत्र (९) हनुमत्सहस्रनाम (१०) हनुमत्कल्प (११) शत्रुञ्जय हनुमत्स्तोत्र १२) हनुमदष्टक, (१३) हनुमत्पञ्चरत्न स्त्रोत्र (१४) संकटमोचन स्त्रोत्र (१५) हनुमदुपनिषद् (१६) हनुमद्व्रतपूजा विधि (१७) हनुमद्व्रतोद्यापन विधि (१८) हनुमद् व्रतकथा (१९) हनुमल्लक्षप्रदक्षिणा विधान (२०) दीपदान विधि (२१) हनुमदनुष्ठानविधि (२२) हनुमत्तन्त्रविधिं २३) हनुमद्वडवालनस्त्रोत्र (२४) हनुमान चालिसा २५) संकटमोचनाष्टक (२६) वजरङ्गबाण (२७) हनुमान साठीका २८) हनुमल्लहरी २९) हनुमदारती सहित अत्यन्त उपकारी सामग्री सहितको 'हनुमद्रहस्य'नामक यस संग्रहबाट पवनपुत्र हनुमानका उपासकहरूलाई पं श्री तिवारीजीले ज्यादै ठूलो गुन लाउनु भएको र यस सम्बन्धी सामग्री प्राप्त गर्न पनि सो कृतिबाट धेरै आधार समेत प्राप्त भएको हुँदा विद्वान् शास्त्रीजी प्रति हार्दिक साधुवाद प्रकट गर्नु आफनो कर्तव्य ठान्दछु ।

उत्तरवाहिनी उत्तरगया सिद्धतीर्थको महत्त्व

विश्वस्मिन् शास्त्रनिर्दिष्टं गयाक्षेत्रद्वयं भुवि ।

नेपाले वर्तते मुख्यं पैतामहं गयाभिधम् ॥१॥

हाम्रा धर्मशास्त्रहरूले संसारमा दुईवटा गयाक्षेत्र मुख्यरूपले बताइएका छन् । ती मध्ये नेपालको गोकर्णेश्वर पितामह तीर्थ श्रेष्ठ हो ।

फाल्गुतीथे भारतेऽस्ति गयातीर्थं द्वितीयकम् ।

हृद विना नास्ति मूल्यं तथा पैतामहं स्मृतम् ॥२॥

दोस्रो गया तीर्थ भारतको फाल्गुनदी तीरमा छ तर पितामह गयातीर्थ भनेको मुटु हो, जस्तै शरीरमा मुटु मुख्य हो, त्यस्तै पितामह उत्तरगया गोकर्णेश्वर तीर्थको ठूलो महत्त्व छ । हामी गयाश्राद्ध गर्न जाँदा त्यहाँका पण्डाले नेपालको उत्तरगया गोकर्णमा श्राद्ध गरेको छ कि छैन त्यो शिरमा श्राद्ध नगरी किन पुछारमा आएको भन्ने गरेको मैले पनि सुनेको छु ।

तत्रोत्तरगयापितृतीर्थं हृदयमुच्यते ।

पितामहमहातीर्थे गदाधरपदाम्बुजे ॥३॥

भाद्रामायां पिण्डदानात् पितृमुक्तिर्भवेन्नृणाम् ।
इत्यस्ति हिमवत्खण्डे स्कान्दे प्रोक्तं तु ब्रह्माणा ॥४॥

उत्तरगयामा पर्ने पितृतीर्थ गोकर्णेश्वर गदाधर क्षेत्र हृदय नै हो । यहाँ भाद्रकृष्ण औसीमा श्राद्ध पिण्डदानादि गर्नाले पितृहरूको मुक्ति हुन्छ भनी पितामह ब्रह्माले स्कन्दपुराण हिमवत्खण्डमा बताइएको छ ॥३-४॥

ततः पूर्वे तीर्थत्रयसंगमोऽस्ति सुपावनः ।
यत्रैवोत्तरवाहिन्या वाङ्मत्या पावनं तटम् ॥५॥

द्वित्रिबद्धं सुबद्धं स्यादिति नीतिविदां मतम् ।
वर्तते पाशुपत्क्षेत्रस्येशाने भुक्तिमुक्तिदम् ॥६॥

गोकर्णेशोत्तरगयापितृतीर्थमनुत्तमम् ।
यथातथा सिद्धतीर्थवाग्मत्युत्तरवाहिनी ॥७॥

गयाशिरश्चेति तीर्थत्रयमेकत्र संगतम् ।
इति हेतोरिदं तीर्थं दुर्लभं वर्तते क्षितौ ॥८॥

उत्तरगया पितामहतीर्थ देखि पूर्वतर्फ उत्तरवाहिनीमा तीनवटा तीर्थ १.उत्तरगया उत्तरवाहिनी, २.सिद्धतीर्थ, ३.गयाशिरहरु पर्दछन् । जसरी २ वा तीन पटक बाँधेको बन्धन उत्तम हुन्छ । उसै गरी पशुपतिको ईशानमा पर्ने तीनवटा तीर्थ एकै ठाँउमा रहेको यो उत्तरगया उत्तरवाहिनी पितृमुक्ति दिने अति उत्तम तीर्थ हो र यसमा स्नान पिण्डदान आदि गर्नाले भोग मुक्ति दुवै प्राप्त हुने हुँदा यस धर्तीको अति उत्तम तीर्थ हो भन्ने धर्मशास्त्रीहरूको मत छ ।५-८ ।

सिद्धतीर्थोत्तरगयाशिरोभूतं सुपावनम् ।
ज्वालादेव्या यथा स्थानमिदमस्ति सुपावनम् ॥९॥
शिरोनाभिपादुकाख्यं दुर्लभाख्ये गिरौ स्थितम् ।

यथा फल्गु गयाक्षेत्रं शिरोनाभिपदाञ्चितम् ॥१०॥

जसरी दुल्लूको ज्वालाक्षेत्र शिर, नाभि, पादुका स्थान मध्ये शिरस्थान उत्तम छ, उसै गरी उत्तरगयाको शिर उत्तरवाहिनी तीर्थ अत्युत्तम छ । ९-१० ।

तथा पैतामहं तीर्थं हृच्छिरोनाभिसंज्ञितम् ।
चन्द्रभागा सूर्यमती वाग्मती सङ्गमान्वितम् ॥११॥

गोकर्णेश्वरगदाधरौ हृन्नाभिरूपिणौ ।
तत्र सूर्याचन्द्रमतीवाग्मती सङ्गमं पदम् ॥१२॥

भाद्रामायामत्र तीर्थस्नानश्राद्धादिकर्मणा ।
पितृणां जायते तृप्तिरक्षयेति स्मृता भुवि ॥१३॥

यसै गरी पितामहतीर्थ गोकर्णेश्वर उत्तरगयाका चन्द्रमती, सूर्यमती र वाग्मतीको संगम भएकाले यो मुटु जस्तै अतिमहत्त्वपूर्ण पितृतीर्थ हो । गोकर्णेश्वर र गदाधर क्रमशः मुटु, नाभि र त्रिवेणी पादुका स्थान हुन् । यहाँ भाद्रकृष्ण हौशीमा स्नान गरी पिण्डदान गर्नाले पितृहरुको अक्षय तृप्ति हुन्छ ।११-१३ ।:

अथ चोत्तरवाहिन्या वाग्मत्याः पावनं तटम् ।
अस्त्युत्तरगयातीर्थशिरोरूपं सुपावनम् ॥१४॥

अत्र पौष्याममायां वै पिण्डदानादिकर्मणा ।
पितृणामक्षया तृप्तिरितिशास्त्रविदां मतम् ॥१५॥
पूर्वे कोलमतीतीर्थं सिद्धतीर्थञ्च दक्षिणे ।
पश्चिमे पिङ्गलातीर्थ कापोततीर्थमुत्तरे ॥१६॥

तत्रैवोत्तरवाहिन्या वाग्मत्याः पावनं तटम् ।
अस्त्युत्तरगया पितृतीर्थस्य शिर उत्तमम् ॥१७॥

यस पछि उत्तरगयाक्षेत्रको शिरको रूपमा रहेको अति पावन उत्तरवाहिनी

पितृतीर्थ छ र यहाँ पौष कृष्ण औसीमा स्नान गरी पिण्डदान गर्नाले पितृहरूको अक्षय तृप्ति हुन्छ भन्ने शास्त्रविद्हरु भन्दछन् । यस उत्तरगया उत्तरवाहिनी पितृतीर्थको पूर्वमा कोलमती तीर्थ बीचमा सिद्धतीर्थ पश्तिमतर्फ कपोततीर्थ र पिङ्गलातीर्थ छन् । यही बिचमा उत्तरवाहिनी उत्तरगया पितृ तीर्थको शिरका रूपमा रहेकोछ । १४-१७ ।

कलाक्षीणेन चन्द्रेण यदाराधनतः पुनः ।

कान्तिः प्राप्ता कलापूर्णा तेन कान्तीश्वरः स्मृतः ॥१८॥

सोऽयं कान्तीश्वरो देवः कान्तिभैरवसंज्ञकः ।

पञ्चाश्यो हनुमांश्चात्र सीतारामसमन्वितः ॥१९॥

यही उत्तरवाहिनीमा कान्तीश्वर कान्तिभैरब हुनुहुन्छ । यहाँ तपस्या गरेर चन्द्रमाले आफ्नो कान्ति पुनः प्राप्त गरेका थिए । यहाँ भगवान् श्रीराम, सीता र हनुमान्का साथै अहिरावणबधकर्ता पञ्चमुखी हनुमान् पनि छन् । १८-१९।

अत्रैव वहते गङ्गा वाङ्मत्युत्तरवाहिनी ।
उत्तरे वसते शम्भुः कैलाशश्च हिमाकरः ॥२०॥

सर्वे देवाश्चोत्तरस्यां सुमेरूर्यत्र वर्तते ।
सर्वाः सुपावना नद्यो हिमगंगा सहस्रशः ॥२१॥

हिमालयान्निःसरन्त्यः पावयन्ति जगत्त्रयम् ।
तद्दर्शनायोत्तरास्या नद्योऽतीव प्रशंसिताः ॥२२॥

कोटिगङ्गास्नानतुल्या भुक्तिमुक्तिप्रदा मताः।

तत्र स्नानं तपोदानं श्राद्धञ्चाक्षयपुण्यदम् ॥२३॥
धन्यं कान्तिपुरं यस्य रक्षकः कान्तिभैरवः ।

धन्योत्तरगया पुण्या धन्या चोत्तरवाहिनी ॥२४॥

कैलाशपर्वत, मुक्तिमार्ग र गङ्गाजीको जन्मस्थलो हिमालय र सुमेरू पर्वत उत्तरमानै छ । यही उत्तर दिशामा हिमालयबाट हजारौं हिमनदीले धर्तीलाई पावन पारेका छन् । यी सवै देवदेवीहरूको दर्शन गर्न उत्तर फर्केर बगेका

नदीहरु अत्यन्त नै पवित्र तीर्थ मानिन्छन् । यस्ता उत्तरवाहिनी नदीहरूमा स्नान दान पितृकार्य गर्नाले कोटी गङ्गा स्नानको पुण्य मिल्दछ । यस्तो अक्षय पुण्य गर्नेका पितृहरूलाई समेत अक्षयतृप्तिका साथै कर्तालाई यो लोकमा अक्षय सुखभोग र परलोकमा मुक्तिसमेत प्राप्त हुन्छ भन्ने शास्त्रीय मान्यता छ । यस प्रकारको अत्यन्त नै महत्वपूर्ण परमपावन उत्तरगया उत्तरवाहिनी र कान्तीश्वरकान्ति भैरबले रक्षा गरिएको कान्तिपुर नगर धन्य हो भनिन्छ । २०-२४ ।

एष उत्तरवाहिन्या वाग्मत्याः पावनस्तटः ।

अत्रैव तपसा सिद्धाः विश्वपूज्यास्तपस्विनः ॥२५॥

श्री वासुकी ब्रह्मचारि-षडानन्दगलेश्वराः ।

माता श्रीयोगमाया च साधुः शिवपुरिस्तथा ॥२६॥

महात्माश्री कुबेरश्च प्रेमनारायणस्तथाः ।

साधुः श्रीतुलसीनामा महानन्दश्च तापसः ॥२७॥

सिद्धतीर्थमिदं तेषां साधकानामिति स्मृतम् ।

धन्यमेतत् सिद्धतीर्थ धन्या चोत्तरवाहिनी ॥२८॥

यस उत्तरवाहिनी वाग्मती तटमा अनेकौं साधकहरूले तपस्या गरी सिद्धि पाए ।जसमा श्री १००८ वासुकी ब्रह्मचारी, श्री १००८ षडानन्द ब्रह्मचारी, श्री १००८ माता श्री १००८ योगमाया, श्री १००८ शिवपुरीबाबा, श्री १००८ कुबेरपुरी, श्री १०८ प्रेमनारायण, श्री १००८ तुलसीबाबा, श्री १०८ महानन्द निरौला, आदि साधकहरूले सिद्धि प्राप्त गरेको यो पुण्यभूमि सिद्धतीर्थ उत्तरवाहिनी ज्यादै धन्य छन् ।२५-२८।।

मेरो प्यारो उत्तरवाहिनी : सम्झनाका क्षणहरू

हरिप्रसाद शर्मा, वरिष्ठ कलाकार, चाबहिल, मैजुबहाल।

वि.सं.२०५२ सालमा सर्वप्रथम म उत्तर वाहिनी पुगें । त्यो ठाउँ देख्ने बित्तिक्कै अति रमाइलो लाग्यो । वाग्मतीको कञ्चन पानी, फराकिला फाँटहरु, लम्बकर्ण भट्टले बनाएका शिवमन्दिरका साथै सानो धर्मशाला नजिकै एउटा पुराण वाचन गर्ने सत्तल वरिपरि सानासाना मन्दिर र मूर्तिहरु, गोकर्णको मनमोहक जङ्गल र दाह गर्ने चिता । त्यस्ता एकै ठाउँमा सवै चिजले भरिभराउ देख्ता एउटा भावुक कलाकारलाई त्यस ठाउँले खिच्यो । त्यसपछि त म २/३ महिना बिराएर उत्तरगया जान थालें । यहि क्रममा मेरा पुरानो मित्र डा. ऋषिराम पोखरेलले मलाई भेटेर हरिजी तिमीले उत्तरवाहिनीको पूर्वपट्टिको सतलको भित्तामा चित्रहरु र श्लोकहरु बनाइदिए राम्रो हुन्थ्यो भनेर सल्लाह दिएपछि मैले पनि हुन्छ भनेर उक्त ठाउँमा यमराज नचिकेताको चित्रका साथै वैदिक वाणीहरूको वाक्यहरु रङ्गहरूले बनाएं । त्यो समयसम्म मैले सुब्बा सितलमान प्रधानलाई चिनेको थिइन । तर त्यहि यमराजको तथा नचिकेताको प्रसँग उठ्दा उहाँले नै रङ्ग र ब्रस किन्न पैसा दिनुभयो । २०५३ वैशाख १ गतेदेखि ३ गतेसम्म त्यही वसेर उक्त चित्र र वैदिक वाणी रचना गरें । त्यसपछि त वहाँसँग मेरो मित्रता भयो । २ /३ महिना बिराएर त्यहिं जान्थें र प्राकृतिक दृश्य अवलोकनका साथै कहिले त त्यहिं रात बिताउँथें । यसरी मेरो उत्तरवाहिनी उत्तरगयाको स्नेह दिनप्रतिदिन हुँदै गयो । वहाँ बडो श्रद्धाका साथ बस्ने खाने सबै प्रवन्ध गर्नुहुन्थ्यो । त्यहाँ दर्शन गर्न जो आएपनि नखुवाई पठाउनुहुन्थ्यो । म १/२ महिनैपिच्छे फुर्सद भयो कि त्यहिं गएर प्रकृतिको दृश्य हेर्न मन पराउथें । सुब्बा सितलमान मेरो घनिष्ट मित्र हुनुभयो । कहिलेकाँहि त्यहिं खाने सुत्ने गर्थे । बडो प्रेमसँग मलाई भोजन गराउनु हुन्थ्यो र कहिले वहाँले मसँगै हिडेर अरू घरमा पनि चिनापर्चि गराउनु हुन्थ्यो । साच्चिनै भन्नुपर्दा उत्तरवाहिनी मेरो लागि आफ्नै घर र आश्रमकै झझल्को लाग्थ्यो । पछि उत्तरवाहिनीका लागि मरिमेट्ने भैरबबहादुर श्रेष्ठ र गोविन्दबहादुर श्रेष्ठसँग पनि मेरो चिनजान भयो ।

त्यत्तिकैमा त्यहाँ पीपलको चौतारीनिरको सानो पाटीलाई भत्काएर ढुङ्गा छाप्ने काम भयो । त्यसमा मैले पनि पत्रं पुष्पं गरें । यसरी चौतारासँगैको खाली ठाँउमा यात्रुहरु बस्नहुने सानो ढलान गरेको पाटी बन्यो । त्यो

पाटीमा सुत्नका लागि सितलमानको अनुरोधमा [illegible] बनाउन लगाएँ । मैले श्रद्धासाथ ठाउँठाउँमा मेटिएका अक्षर बनाउने, ढुङ्गाका मूर्तिमा इनामेलले अक्षर लेख्ने आदि सेवा गर्दै उत्तरवाहिनीको मुहार हसाउने मेरो रहर पूरा हुँदै गए । पछि पूर्व पट्टिको सत्तल जीर्णोद्धार गर्दा मैले बनाएका चित्रहरू पनि भत्किए । दक्षिण पर्केको लामो सत्तलको सानासाना कोठामा स्वामी गौरङ्गा र कोइराला गुरू बस्थे । पछि त्यसमा तला थपियो र ठूलो हल बन्यो । त्यस हलको भित्तामा म र मेरा मित्र हेम पौडेल भएर ३ दिन लगाएर जगद्‌गुरू शंकराचार्य र उनका शिष्यहरूको १० फुट लामो चित्र सिर्जना गऱ्यौं र हलको सौन्दर्य बढायौं । यसरी उत्तरवाहिनी उत्तरगयाको स्वरुप फेरिदै गर्दा दाताहरूको सहयोगमा दिनानुदिन प्रगति हुदै गयो । यसको श्रेय डा.ऋषिराम पोखरेल, सितलमान प्रधान, भैरबबहादुर श्रेष्ठ हुन् । अहिले आएर चाबहिलका प्रसिद्ध समाजसेवी हीराभाइ होडा पनि जाडिनु भएको छ । उहाकै अनुरोधमा मैले स्व.पितामाताको नाममा विष्णुपादुका राख्ने सौभाग्य पाएँ । आज पनि म र मेरा परममित्र हेम पौडेल २/३ महिना बिराएर उत्तरगया जान्छौं र गुरूकुलका विद्यार्थीहरूलाई चित्रकला सिक्‌ाउछौं । अहिले केही विद्यार्थीले राम्रा चित्र बनाउन थालेका छन् । हामीदुई कलाकारहरु समाजका हरेक क्षेत्रमा केही नकेही योगदान गर्दै आइरहेका छौं । अव आएर उत्तरगयाका समाजसेवीहरूले एउटा गर्नै पर्ने काम छ, त्यो हो स्व. शीतलमानको स्मृतिमा केही सम्झना गर्ने काम । जुन पीपलको बोट भएको ढुङ्गा छापिएको ठाउँमा राम्रोसँग ईंटाले गोलो चौतारो बनाई 'शीतल चौतारी नामाकरण गर्ने । यसबाट शीतलमानको सम्झना भइरहने हुन्छ । मेरो विचारमा शीतलमानले आफ्नो जीवनको धेरै समय उत्तरगयामा बिताएका हुनाले केही गरि़नु पर्दछ र यसमा हामी दुई कलाकारको पनि पत्रं पुष्पं गर्ने इच्छा छ । यस अघि पनि हामी दुईले सवै तिरको दृश्य देखिने गरी एउटा फलामको बेञ्च बनाएकाछौं । यसरी उत्तरगयाले उदारमना दाताहरूको सहयोगमा काँचुली फर्दैछ । तर अव एउटा कुराले मनमा असन्तोष भैरहेछ, कतै उत्तरगयाको सुन्दरता बनाइराख्ने हरिया फाँटहरु प्लटिङ र घरहरूले कंकृटको सहरमा परिणत हुनेत होइनन् । अव आउने पुस्ताले यस पवित्र उत्तरवाहिनी क्षेत्रलाई क़सरी बचाउने भन्ने बारेमा सोच्ने आशा गर्न सकिन्छ ।

गोकर्णेश्वरका स्थानीय श्री कान्ति भैरव जात्रा

-मोहन श्रेष्ठ

१. सुन्दरीजलको काखमा रहेको पवित्र वागमतीको किनारमा चरण अर्थात् उत्तरवाहिनी कान्ति भैरव र गोकर्णेश्वर महादेवको चरणमा अवस्थित गोकर्ण वजार काठमाडौवाट पूर्वोत्तर भागमा अवस्थित गोकर्णेश्वर गाउँ विकास समितिको स्थानीय श्री कान्ति भैरव जात्रा वैशाख कृष्णचतुर्दशीको दिन शुरू भई अक्षय तृतीयासम्म भव्यताका साथ मनाउँछन् । लिच्छविकालीन ऐतिहासिक नगरका रूपमा प्रसिद्ध गोकर्णको कान्ति भैरव जात्रा शुभारम्भका अवसरमा स्थानीय बासिन्दाहरूले घर आँगन दैलो छिमेकी बाटो घाटो आदि सफा सुग्घर पारिन्छ । यसरी चतुर्दशीका दिन गोकर्णवासीले आ आफनो र आफू वरपरको वातावरण सफाइ गरेपछि चतुर्दशीको दिन विहान यस जात्रामा श्री कुमार , श्री गुप्ती गणेश र श्री कान्ति भैरवको मूर्तिलाई सिंगारेर विहानै गुठियार थकालीले ती तीनै वटा मूर्तिलाई ढक्कीमा राखी कुमारीको मूतिलाई कोठी टोल - वडा नं ५) मा , गुप्ती गणेशलाई गोकर्ण वडा नं १ मा र श्री कान्ति भैरवको मूर्तिलाई ढु ताछी गोकर्ण देशे वडा नं ३ मा आ आफनो स्थलमा विराजमान गराइन्छ । त्यहाँ स्थानीय वासिन्दाबाट दिनभरी पूजाआजा गरिन्छ साँझ परेपछि श्री कुमारी र गुप्ती गणेशलाई परम्परागत वाजागाजा सहित मूर्तिलाई रथारोहण गराई गोकर्णको पुरानो बस्ती (देशेको) विचमा - जहाँ जात्रा हुन्छ त्यहाँ) विसाइन्छ । सोहि रात जात्राको केन्द्र. विन्दु मानिने श्री कान्ति भैरवको मूर्तिलाई मन्दिरवाट निकालिन्छ । गुठीयारका थकालीबाट भैरवलाई वली चढाइ पूजा आजा गरिन्छ । मन्दिरको परिसरमा सिगारिएको तीन तले कान्ति भैरवको रथ रहेको हुन्छ । स्वर्णमय झण्डा गजुर सहितको सिंहासनलाई तीन पटक परिक्रमा गरी कान्ति भैरवको मूर्तिलाई सो रथमा रथारोहण गराइन्छ । वाजा वजाई हर्ष वढाइगरिन्छ र जात्राको गीत गाई वासिन्दाहरु टोल टोलमा परिक्रमा गर्दछन् । अनि नेवारी जातीमा रहेको दावा भजन गाउँछन् । यसै विच कान्ति भैरवको सौगात जा ध अर्थात् भातको देवता हेर्ने समूहको पनि उस्तै घुइँचो हन्छ । यो निर्माणका लागि चतुर्दशीकै रात चोखो पान (जल) ल्याई निराहार बसेको तीन जना गुठीयारद्वारा भिन्दा भिन्दै तीन स्थानमा ढु लाछी, जोसीगाल डठूलाछीमा एक एक पाथी चामलको भात माटोको भाँडोमा पकाइन्छ । गुठीयार थकालीले

पाक्दा पाक्दै उम्लिएको भातलाई झिकी मूर्ति निमार्ण गर्नुपर्ने प्रचलन छ ।

२. यसरी बनाइएको भातको मूर्तिलाई ढु ताछीबाट, एकजना गोसीगालबाट , एकजना ठडुलाछीबाट अग्लो मूर्तिलाई दुईजनाले बोकेर मध्यरातको समयमा ती तीनैवटा (जाः ध) भातको देवता र कान्ति भैरवको रथलाई डठु लाछीमा लस्करै राखी विस्तारै जात्रा गर्दै स्थानीय वासिन्दाहरूको ठूलो रमझमका साथ सहभागी हन्छन् । वाजागाजा र गीत नाचका साथ यसै गाउँ विकास समिति वडा नं ६ बाट चिराग बत्तिको उज्यालोले रातीको वातावरण निकै मनोरम बन्न पुग्छ । तलेजु भवानीको मन्दिरबाट भातको ठूलो देवता लिन भैरवको रथसहित जात्रालुहरु प्रस्थान गर्दछन् । भैरवको रथलाई भवानीको परिक्रमा गराएपछि भातको देवता वोकी रथ सहितको जमात उत्तरवाहिनी कान्ति भैरव मन्दिरतिर लाग्छ । यसै बिच तीनवटा भातको देवता वोकी कान्ति भैरवको रथ सहित वाजा गाजा चिराग सुकुन्दा वोकी जात्रालुहरूको भिड हन्छ । औंशीको अन्धकारमा पनि चिराग र सुकुन्दा बत्ती वाजा गाजा जनसमुदायहरूको उपस्थितिले वातावरण नै अर्कै किसिमको वन्न पुग्छ । रथलाई मन्दिरसम्म ल्याउदा (उत्तर वाहिनी ७ सम्म ल्याउदा) विभिन्न ठाउँका वासिन्दाले पूजा आजा र दियो वत्ति दिइन्छ । जात्रालुहरूको उत्साहपूर्ण उपस्थिति र आध्यात्मिक वातावरणले सवैलाई आनन्दित पार्दछ । मन्दिर प्राङ्गंणमा भातको देवता सहितको भैरवको रथलाई ल्याई भातको देवतालाई तीनपटक परिक्रमा गराउनु पर्ने चलन छ ।

३. त्यसपछि भातको देवता विसाइन्छ । रथलाई भने कान्ति भैरवको मन्दिरमा ३२ पटक परिक्रमा गराउनु पर्ने चलन छ । त्यसपछि मात्र रथलाई विसाइन्छ र भैरवको प्रसाद लिन सहभागी बिच ठूलो प्रतिस्पर्धा हुन्छ । जसले प्रसाद पहिलो पटक पाउँछ, ऊ निकै भाग्यमानी र चिताएको पुग्छ भन्ने विश्वास गर्दछ । यसरी कान्ति भैरवको रथ भैरवीको मुख हेर्न गएको भन्ने कथन छ । रथ विसाएको स्थानमा केहीवेरमै वलीसहित पूजा आजा हुन्छ । गोकर्णेश्वर वडा नं. बाट सिन्दूर जात्रा गरी रथलाई उठाइन्छ । रथलाई जात्रा गर्दै टोल टोलमा विसाउन निश्चित ठाउँ वनाई माथीतिर चदुवा (ईल चा) राखी आठ स्थानमा विसाइन्छ । स्थानीय टोलहरु -महत टोल, नाउ टोल, तखा छेयं धवा टोल, नाय टोल आदि टोलमा विसाई पूजा आजा र वली चढाउँदै सिन्दुर जात्रा

गर्दै अन्तिममा कोठी टोल वडा नं. ५ मा पुर्‍याइन्छ । यो कार्य कान्ति भैरवको रथ बोकी स्थानीय गोकर्ण गा. वि. स. का २,३,४,५ नै वडामा विशेष रूपमा जात्रा हुन्छ । केहि वेरपछि गोकर्णेश्वरका सवै टोलका वासिन्दाहरु आ-आफनो भेषभूषामा वाजागाजा र सिन्दूर जात्राका सामग्री हातमा लिई सवैजना कान्ति भैरवको मन्दिर ढुलाछी गई द्वारेद्वारा सरकारी पूजा कर्माचार्यले वोकी जुगी वाजा, नाय खि, वासुरी, ढोलक धिमे हाल आएर बैण्ड वाजासहित कोठी टोल वडा नं ५ मा गई देवता कुमारी, कान्ति भैरव, गुप्ती गणेशलाई सिगारी कर्माचार्यले पूजाआजा कार्य तान्त्रिक विधिबाट गरिन्छ ।

४. मातातीर्थ औंशीका दिन स्थानीय डवलीमा जात्रा हेर्न आउने सवै जात्रालुहरूको ठूलो भिडका साथै सयुक्तरूपमा सहभागी भएर सिन्दुर जात्रा गर्ने प्रचलन छ । सिन्दूर जात्रा गर्दै गणेश, कुमारी विचमा कान्ति भैरवको रथलाई विसाएपछि औंशीको जात्रा सम्पन्न हुन्छ । प्रतिपदाको दिन प्रायः धेरै जसोको पूजा गर्छन् र यसै दिन केपु जात्रा गरेपछि वडा नं. ८ वाट मध्यान्तरको समयमा एउटा सि वाँसको पाँचवटा आख्लामा पाँचथरी कपडाको ध्वजा वाँधी ढोलक र धिमे वाजासहित भैरवको पूजा गरी वली चढाइन्छ । यो पूजा पनि तान्त्रिक विधिबाटै गरिन्छ । यी कार्य पछि ध्वजा भएको वाँसको टुप्पोले खटको गजुरमा जुधाएर फर्किन्छ । यस दिन तीनवटै रथ दिनभरी नै विसाइन्छ । रातीको समयमा डठू लाछीका भजन टोली नेवारीमा भजन (दावा) गाउँछन् । द्वितीय-चौथो दिन विहान द्वारेले तीनवटै रथलाई पूजा गरी तीन पटक हल्लाएर गुठीयारलाई रथ बोक्नको लागी बाँस वाँध्ने संकेत गर्दछ । त्यस दिन गोकर्णेश्वर गाम्चा, डोखा, टोडामा तीनवटै रथ लगी त्यहाँ धुमधामका साथ सिन्दुर जात्रा गरिन्छ । वेलुका साँझ पख देवतालाई जोसी गालमा लगी विसाइन्छ । यस दिन पनि वेलुका दावा भजन गरिन्छ । अक्षय तृतीयाको दिन जात्राको अन्तिम दिन हो । यस दिन गोकर्णेश्वर वडा नं. ८ र नयाँपाटी वडा नं. १० का जनताहरूले मिली जुली रथलाई तालिन्चोक हुदै गोकर्ण किसिगाल र नयाँपाटीमा लगिन्छ । घर घरबाट पूजा सामग्री ल्याई पूजा आजा गर्छन् । प्रतिक्षापछि आफ्नै घर आँगनमा आएको देवताको रथलाई स्वागत र सम्मान प्रदान गर्न पाउनुको सन्तुष्टि कम ठुलो कुरा होइन । यसपछि स्थानीय वासिन्दाहरु आफन्त र पाहुनालाई घर घरमा निम्त्याउँछन् । भोज खुवाउने र खाने

गर्दछन् । भोजनमा नेवारी परिकार अनि पेय पदार्थमा जाँड रक्सी इत्यादि हुन्छ । यसै दिन साँझ पख तीन वटै रथलाई किसिगाल र नयाँपाटीबाट वोकेर ल्याई गोकर्णेश्वर २,३,४,५ मा लगी एक चोटी नानीया पाखाको लाछीमा लगि बिसाइन्छ र अन्तिम दिनको बिदाइका लागि रथको वाँस मिलाउने र वाँध्ने कार्य गरिन्छ । त्यसदिन गोकर्णेश्वरका सवै वाजा गाजा आदि बजाई स्थानीय बासिन्दाहरूको ठुलो रमझमकासाथ सहभागी भई अक्षयतृतीयाका दिन साँझ पख कुमारी, गणेश, कान्ति भैरवलाई जात्रा गर्दै विदा वादी गराउँदै ती रथलाई आ-आफनो स्थानमा प्रवेश गराइन्छ । अन्तिममा भैरवलाई मन्दिर भित्र तान्त्रिक विधिवाट प्रवेश गराइन्छ । अन्तिममा भैरवलाई मन्दिर भित्र तान्त्रिक विधिवाट प्रवेश गराएपछि यो वर्षको जात्रा समाप्त हुन्छ । यो जात्रा संचालनको लागि पहिले प्रशस्त गुठीको व्यवस्था र गुठीको जग्गा थियो । हाल आएर गुठीका जग्गाहरु व्यक्तिगत सम्पत्तिमा गाभिने क्रम वढ्दै गएको छ र यसले गर्दा परम्परागत पूजा जात्रा चलाउन ज्यादै गाह्रो परेको हुँदा गुठीसंस्थानले यसमा गम्भीर भै सघाउनु पर्ने देखिन्छ ।

हितका कुरा

वेदमणि सुवेदी (आदित्य) कक्षा ७ ।

काँडा छ तर त्यो बोट फूलले मग्मगाउँछ ।
उपकारी सदाचारी जहिल्यै मान पाउँछ ॥

नचोर्नू कसको केही नगर्नू अरूका कुरा ।
बोल्नू श्रीरामको नाम यी कुरा हुन्न है झुटा ॥

रामको नाम बोल्नाले मुख पवित्र बन्दछ ।
जप्नु है रामको नाम जपेरै पार तर्नुछ ॥

ठुलाको सङ्गतै गर्ने ठूलै मान कमाउँछ ।
सानाको सङ्गतै गर्ने त्यसमा नै रमाउँछ ॥

नदीको हतियारधारी सिङ्नङ्ग्रे जुन जीव छ ।
नेता राजकुलै माथि विश्वास हुन्न है बुझ ॥

आजीवन सदस्यहरू

१. श्री नन्दराम पाठक
२. श्री गोविन्दसुवेदी वेदमणि
३. श्री विष्णु प्र.खतिवडा (रामचन्द्र)
४. डा.वद्री पोखरेल
५. श्री कृष्ण लामिछाने
६. श्री महेश्वर पौडेल

परिचयात्मक पुस्तिका छाप्न रकम सहयोग गर्ने महानुभावहरू

१.	मोतिबहादुर श्रेष्ठ	गोकर्णेश्वर ७,	२००।-
२.	चन्द्रबहादुर के.सी.	गोकर्णेश्वर ७,	५००।-
३.	जयराम महत	गोकर्णेश्वर ७,	२०५।-
४.	नवराज पौडेल	गोकर्णेश्वर ६,	१००।-
५.	श्यामसुन्दर ढुङ्गाना	गोकर्णेश्वर ७,	३०५।-
६.	सानोबाबु वस्नेत	गोकर्णेश्वर ६,	१००।-
७.	हरिबहादुर थापा	गोकर्णेश्वर ९,	१०५।-
८.	माधवप्रसाद ढुङ्गाना	गोकर्णेश्वर ८,	२००।-
९.	किरण महत	गोकर्णेश्वर ८,	२००।-
१०.	श्रीकण्ठ थापा	गोकर्णेश्वर ८,	२००।-
११.	महेश्वर विष्ट	गोकर्णेश्वर ७,	१००।-
१२.	रवीन्द्र ढुङ्गाना	गोकर्णेश्वर ८,	२००।-
१३.	हरिहर थापा	गोकर्णेश्वर ७,	१००।-
१४.	कमललाल	गोकर्णेश्वर ७,	३००।-
१५.	दीपकप्रसाद ढुङ्गाना	गोकर्णेश्वर ७,	३००।-
१६.	कुमार भट्टराई	गोकर्णेश्वर ७,	२००।-
१७.	अच्युत महत	गोकर्णेश्वर ८,	२००।-
१८.	हरिकृष्ण श्रेष्ठ	गोकर्णेश्वर ७,	२००।-
१९.	रामहरि भण्डारी	गोकर्णेश्वर ९,	३००।-
२०.	कृष्णलाल श्रेष्ठ	गोकर्णेश्वर ८,	५००।-
२१.	कृष्णराम श्रेष्ठ	गोकर्णेश्वर ९,	२००।-
२२.	उदयकुमार भण्डारी	गोकर्णेश्वर ८,	३००।-
२३.	सुनिता भण्डारी	गोकर्णेश्वर ९,	२००।-
२४.	ई. मुरारी भण्डारी	जोरपाटी ७	१०००-

२६. वाग्मती भिलेज रिसोर्ट, गोकर्ण १००० ।

२७. कोलमतेश्वर वचत तथा ऋण सहकारी संस्था । १०००।
२८. लोकतान्त्रिक मिनिट्रक व्यवसायी सहकारी संघ १००० ।
२९. प्रा.डा.ऋषिराम पाखरेल २००० ।
३०. भैरबबहादुर श्रेष्ठं ५००० ।
३१. डा.श्रीराम अधिकारी १००० ।
३२ गोविन्दबहादुर श्रेष्ठ ५,००० ।
३३ जयतु संस्कृतम, अनामनगर १००० ।

उत्तरवाहिनी

सुदीप कोइरला
कान्तिभैरब गुरुकुल विद्यालय, कक्षा ७ ।

काष्ठमण्डपमा पर्ने गोकर्ण गा.वि.सै महाँ ।
पवित्र वाग्मती बग्छिन् कलकल गरी यहाँ ।।१।।

उत्तरवाहिनी भन्दै त्यस ठाउँ चिनाउछिन् ।
दिशा उत्तरमा बग्दै ती वाग्मती रमाउँछिन् ।।२।।

ठुला सन्त महात्माले नित्य नै ध्यान गर्दछन् ।
त्यही बास सदा बस्ने बानरै पनि रम्दछन् ।।३।।

एउटा वृक्षको हाँगोबाट अर्को महाँ गई ।
आफ्नो चर्तिकला चक्चक् गर्छन् उफ्रेर नित्य ती ।।४।।

गुञ्जिन्छ वेदको मन्त्र प्रातः एकस्वरै महाँ ।
रूद्ररूपी हनुमान दर्शन् दिन्छन् गए त्यहाँ ।।५।।

कान्तिपुरको रक्षा कान्तिभ़ैरब गर्दछन् ।
श्रद्धालु जनको आफै सदा उद्धार गर्दछन् ।।६।।

सुशोभित सधैं नै छन् पिता श्री शिवशङ्कर ।
कैलाशपति हे शम्भो ! रक्षा यो तीर्थको गर ।।७।।

हरियो वन दाँया छ वाया छ वागमती सफा ।
वारि मन्दिर राम्रा छन्. पारि छन् सिद्धका गुफा ।।८।।

`यस्तो सुन्दर ठाउँमा पितृको दिव्य धाममा ।
आउनुहोस् कुनै बेला श्रद्धा राखेर पितृमा ।।९।।

वाग्मती

-सुदीप कोइराला
कक्षा ७

श्री वाग्मती जलपवित्र पुकार हाम्रो, तिम्रो छ नाम सुनिदा पनि धेर राम्रो ।
वाग्द्वार देखि शिवका मुखबाट निस्की, श्री पाशुपतक्षेत्र हुदै बगेकी । ....

- हाम्रो वागमती हाम्रो सभ्यता
- कायम राखौं यसको पर्यावरणीय स्वच्छता
- जोगाई राख्न सके यसको पवित्रता
- बढ्ने छ आत्मसम्मान आत्मीयता
- सदा बचाई राख्न यसको सौन्दर्यता
- सबै मिली गरौं प्रयास र प्रतिवद्धता
- नदी क्षेत्रमा हुने अव्यवस्थित ढल निकासलाई नियन्त्रण गर्न सहयोग पुऱ्याऔं
- वागमती नदी र यसका सहायक नदीनालाहरूलाई स्वच्छ र सफा राखौं
- नदी किनाराको जग्गाहरूको संरक्षण गरौं
- नदी किनारामा वृक्षारोपण गरी नदीको सौन्दर्य बढाऔं
- नदी किनाराको दायाँ बायाँ निर्धारित मापदण्डभित्र नयाँ संरचना नबनाऔं
- वागमती सभ्यताको विकास र सम्बर्द्धन गरौं
- वागमती नदी संरक्षण तथा सरसफाई अभियानमा सहभागी बनी

"प्रत्येक शनिवार बिहान ७:४५ बजे हुने वागमती नदी सरसफाई महाअभियानमा सहभागी बनौं"



अधिकार सम्पन्न वागमती सभ्यता एकीकृत विकास समिति
गुह्येश्वरीफाँट, काठमाडौं

निर्माण गरिएका शिलापत्रहरूको स्वरूप

वाग्मत्युत्तरवाहिन्याः पितृतीर्थसुपावने ।
मातापित्रोर्विमुक्त्यर्थ श्राद्धादीनां सुखाय च ॥
सर्वैः संहत्य सश्रद्धं स्थापिताः, विष्णुपादुकाः ।
रक्षणीया सदा सर्वैः धर्मरक्षति रक्षितः ॥

श्री उत्तरवाहिनी उत्तरगया श्री कान्तिभैरब मन्दिरको पवित्र पितृघाटमा श्राद्ध एवं धार्मिक अनुष्ठान गर्न भक्तजनहरूको सुविधाको लागि विष्णुपादुका र बस्ने बस्ने मेचहरू हाम्रा संपूर्ण पूर्वज पितृहरूको चिरशान्तिको कामना गर्दै पुण्य स्मृतिमा सभक्ति अर्पण गर्दछौं ।

विष्णुपादुका अर्पण गर्ने भक्तहरू वाग्मती किनारको जस्ताको सेटमुनि

१. श्रीमती बालादेवी श्रेष्ठ चाबेल, बजार २. श्रीमती अञ्जना श्रेष्ठ होडा, हात्ती गौडा ।

३. श्रीमती सजगुणा श्रेष्ठ नयाँबजार ४. सावित्री श्रेष्ठ (आशाकाजी) सरस्वतीजगर ।

५. श्रीमती कमला ढुङ्गाना (श्रेष्ठ) गोपीकृष्ण नगर ६.श्रीमती जानकी जोशी लगनखेल ।

इति संवत् २०६७ पौखगण अमावाश्या भौमवासर शुभम् ।

श्रीकान्तिभैरब मन्दिर पछाडिको सत्तलमुनि विष्णुपादुका अर्पण गर्ने भक्तहरू

१. छारी कमलातण्डुकार, मित्रपार्क चाबहिल

२. बुहारी वंकलक्ष्मी श्रेष्ठ मरूटोल, काठमाण्डौ ।

३. छोरी रमादेवी श्रेष्ठ, डिल्लीबजार, ४.श्रमिती नारायणदेवी श्रेष्ठ चाबहिल ।

५. छोरी राधिका, चन्दिका, अम्बिका, मन्दिरा तथा अञ्जु , सरस्वतीनगर ।

६. श्रीमती शकुन्तला श्रेष्ठ, चाबहिल, चुच्चेपाटी, काठमाण्डौ ।

७. श्रीमती हरीलक्ष्मी श्रेष्ठ, बुढानीलकण्ठ, औखलढुङ्गा,

८. हरिप्रसाद शर्मा, मैजुबहाल,चाबेल ।

९. शिवगोपाल श्रेष्ठ, मैजुबहाल चाबहिल १०.श्रीमती सुवर्णा वैद्य, जयबागेश्वरी ।

इतिसंवत् २०६८ आषाढ शुक्रवार २४ गते ।

पुनर्निर्माण गरेको घाटमा विष्णुपादुका अर्पण गर्ने भक्तहरू

१. प्रदीपज्वालानन्द राजोपाध्या देउपाटन, काठमाण्डौ । २.छोरा अरूणास्मी तथा उष्णराजोपाध्या दरवार स्क्वाएर भक्तपुर, नेपाल ३.श्रीमती सुनीता मानन्धर (रामदेवी) काठमाण्डौ, तहबिल ।

४. ोरा महेश श्रेष्ठ तथा भदाबुहारी भुवनलक्ष्मी श्रेष्ठ , चाबहिल ।

५. श्रीमती शोभनादेवी श्रेष्ठ, ढोकाटोल, काठमाण्डौ नेपाल ।

६. श्रीमती चञ्चला श्रेष्ठ, सातदोवाटो, ललितपुर ७.श्रीमती सुवर्णा वैद्य (अपार), जयवागेश्वरी, देउपातन, काठमाण्डौ ।

८. स्व. रत्नलाल श्रेष्ठ (अमात्य), स्व. चन्द्रमाया श्रेष्ठ (अमात्य) गोकर्णेश्वर ७, काठमाडौ ।

९. स्व. नारायण श्रेष्ठ, श्रीमती नर्बदा (लक्ष्मी श्रेष्ठ) चिकमुगल- २० काठमाडौं) ।

१०. स्व. सुमिता श्रेष्ठ, श्री बैकुण्ठ दास श्रेष्ठ, ताहचल -१३, काठमाडौं ।

वाग्मती किनारको जस्ता छाना सेड मुनी मेचहरू अर्पण गर्ने भक्तजनहरू

१. छोरी कमला ढुङ्गाना श्रेष्ठ गोपीकृष्ण कृष्णानगर, चाबहिल ।

२. छारी जानकी जोशी, ल्होसाल, धुम्बाराही, काठमाण्डौ ।

३. छोरा कृष्णमान जोशी तथा सीता जोशी ल्होसाल, धुम्बाराही, काठमाण्डौ ।

४. छोरा विनयकुमार श्रेष्ठ तथा बुहारी अञ्जना श्रेष्ठ हात्ती गौडा काठमाण्डौ ।

५. हिराभाई श्रेष्ठ (होडा) बालादेवी श्रेष्ठ (होडा) चाबहिल बजार ।

६. श्रीमती बंकलक्ष्मी श्रेष्ठ, नाती दीपकलाल श्रेष्ठ नातीनी बुहारी भावना श्रेष्ठ ताहाचल काठमाण्डौ ।

७. छोरा सुवर्णकुमार श्रेष्ठ तथा भावना श्रेष्ठ ताहाचल काठमाण्डौ ।

८. छोरा राममान श्रेष्ठ तथा बुहारी रमा श्रेष्ठ योखाछँगल्ली काठमाण्डौ, नेपाल ।

९. छोरा रमा श्रेष्ठ तथा ज्वाई राममान श्रेष्ठ डिल्लीबजार काठमाण्डौ ।

इति संवत् २०६७ पौखगया अमावाश्या भौमवासर शुभम् ।

श्री कान्तिभैरब मन्दिर परिसरमा

१. हिराभाइ होडा श्रेष्ठ तथा बालादेवी श्रेष्ठ चाबहिल बजार ।

२. श्रीमती रत्नमाया, छोरी मायादेवी तथा नवीनभक्त वादे श्रेष्ठ , दथुटोल बनेपा ।

३. श्रीमती सुनिता मानन्धर (रामदेवी) तथा छोरा सन्दीप मानन्धर सरस्वतीनगर, चाबहिल, काठमाण्डौ ४..छोरी इन्दिराप्रधान तथा ज्वाई सुशील प्रधान, रविभवन माछागेट, काठमाण्डौ ।

५. छोरा सुशीलप्रधान तथा बुहारी इन्दिरा प्रधान रविभवन माछागेट,

काठमाण्डौ ।

६. श्रीमती सुभद्रा मानन्धर, छोरा सोमनाथ मानन्धर, धुम्बाराही काठमाण्डौ ।
७. श्री ओम मानन्धर, बुहारी शारदा मानन्धर नाति श्रीजन मानन्धर नातिनी सृजना मानन्धर, चाबहिल ।
८. श्रीमान् श्रीमती जलनकुमार मानन्धर । श्रीमान् श्रीमती भवसागर मानन्धर श्रीमान्श्रीमती सुखसागर मानन्धर, श्रीमान् श्रीमती दयासागर मानन्धर, न्हुसा, झोछें ।


इति संवत् २०६८ पौख गया अमावास्या भौमवासर शुभम् ।

शीतलमान चौतारी अगाडि राख्ने भक्तजन

१. हरिप्रसादं शर्मा तथा हेम पौडेल, चाबहिल

इति संवत् २०६९ माघ ३ गते बुधवार शुभम् ।

पुनश्च यस कार्यका संयोजक हिराभाइ होडा श्रेष्ठ, भैरबबहादुर श्रेष्ठ तथा श्री कान्तिभैरब उत्तरगया क्षेत्र व्यवस्थापन समिति परिवारमा हार्दिक कृतज्ञता ।

ॐ
श्री संकल-पुष्टि वाक्य:
"धर्मो रक्षति रक्षित:"



वाग्यत्युत्तर-वाहिन्या: पितृतीर्थे सुपावने । मातापित्रोर्विमुक्त्यर्थं श्राद्धार्थीनां सुखाय च ॥
सर्वै: संहत्य सश्रद्धं स्थापिता:, विष्णुपादुका: । रक्षणीया सदा सर्वै:, धर्मो रक्षति रक्षित: ॥

श्री उत्तर वाहिनी क्षेत्र व्यवस्थापन समिति को गुरुयोजना अनुसार श्री गोकर्ण उत्तर वाहिनी उत्तरगया (पितृ तिर्थ) श्री कान्ति भैरव को पवित्र पितृ घाटमा श्राध्द एवं धार्मिक अनुष्ठान कार्य गर्ने भक्तजनहरु को सुविधा का साथै यहाँ रहेका श्री विष्णु पादुकाहरु को सुरक्षार्थ (संरक्षण) निमित्त यो जस्ता को छाना सहितको तहरा निर्माण गरी हाम्रा पितृहरुको चिरशान्ती को कामना गर्दै पुण्य स्मृतिमा सभक्ति समर्पण गर्द छौं ।

दाताहरु:

काठमाण्डौ महानगर पालिका वडा नं. ७ चाबहिल मैजुबहाल (ढिल्ली बजार) निवासी स्वर्गिय पिता श्री आशाकाजी श्रेष्ठ तथा स्वर्गिय माता श्रीमती सानु नानी श्रेष्ठ को सम्झणा मा समर्पित
छोरा: शिव गोपाल श्रेष्ठ बुहारी: हिरा श्रेष्ठ
नाती: सुशिल श्रेष्ठ नातिनी: गिता श्रेष्ठ

काठमाण्डौ महानगर पालिका वडा नं. १२ ढिल्ली बजार निवासी स्वर्गिय पिता श्री कृष्ण बहादुर श्रेष्ठ तथा स्वर्गिय माता श्रीमति सूर्य माया श्रेष्ठ को सम्झना मा समक्ति समर्पित
छोरी: रमा श्रेष्ठ, ज्वाई: राममान श्रेष्ठ

काठमाण्डौ महानगर पालिका वडा नं. २५ इन्द्रचोक चोखाछे गल्ली निवासी स्वर्गिय पिता श्री मधुरामान श्रेष्ठ तथा स्वर्गीय माता श्रीमति चम्पा देवी श्रेष्ठको सम्झनामा समक्ति समर्पित
छोरा: राममान श्रेष्ठ बुहारी: रमा श्रेष्ठ


नातिनी: रमिला श्रेष्ठ नातिनी ज्वाई: रामेश्वर मान श्रेष्ठ पनातिनीहरु: रितिस्मा श्रेष्ठ र रयुस्मा श्रेष्ठ

पुनश्च: यस सतकार्य का संयोजक श्री हिराभाई होडा श्रेष्ठ परिवार तथा
श्री उत्तर वाहिनी क्षेत्र व्यवस्थापन समिति का अध्यक्ष श्री भैरव बहादुर श्रेष्ठ
ईति सम्वत् २०७१ साल पौष ७ गते सोमवार (पौष कृष्ण औंसि) शुभम् ।


उत्तरवाहिनी उत्तर गयामा अवस्थित मन्दिर एवम् धर्मशाला सम्बन्धि झलकहरू



देवी देवताहरू क्रमशः गणेश, भीमसेन र विश्वकर्मा




देवी देवताहरू क्रमशः बुद्ध, गणिनाथ, स्वस्थानी र सरस्वती



देवी देवताहरू क्रमशः भगवती, दक्षिणकाली र मनकामना साथमा ई. पूर्ण बहादुर श्रेष्ठबाट स्थापित घण्ट




उत्तरबाहिनी बोलबम समूहबाट निर्मित पाटी



श्री गोकर्णेश्वर उत्तरगया आत्म साधना आश्रम र लक्ष्मीनारायण मन्दिर



पारीपट्टीको सिद्धगुफा र त्यस भित्रको हवन कुण्ड



पारीपट्टीको सानो भित्री गुफा



राधाकृष्णको मन्दिर



पद्म मुक्तेश्वर शिवको मन्दिर



श्री गंगामायीको मन्दिर

उत्तर वाहिनी वागमती तटमा बनेको ट्रस र विष्णुपादुका

धार्मिक कार्य गर्न बनाइएको पार्टीहरू

गुरुकुल विद्यालयको भवन साथमा विद्यार्थीहरू





पुरस्कृत गुरुकुलका विद्यार्थीहरू






पुरस्कृत गुरुकुलका विद्यार्थीहरू



वरिष्ठ कलाकार हरि प्रसाद शर्मा र हेम पौडेलद्वारा कोरिएको चित्र



गुरुकुलको वार्षिकोत्सवमा स्वामी चन्द्रेश

श्री कान्तिभैरव उत्तरगया क्षेत्र व्यवस्थापन समितिका वर्तमान पदाधिकारी:

अध्यक्ष	-	श्री भैरबबहादुर श्रेष्ठ
उपाध्यक्ष	-	श्री राजकुमार श्रेष्ठ
सचिव	-	श्री शिवहरि श्रेष्ठ
सहसचिव	-	श्री सरोज वस्नेत
कोषाध्यक्ष	-	श्री सन्तकुमार श्रेष्ठ
सदस्य	-	श्री देवकृष्ण श्रेष्ठ
सदस्य	-	श्री सुमन श्रेष्ठ
सदस्य	-	श्री द्वारिका श्रेष्ठ
सदस्य	-	श्री राधेश्याम महत
सदस्य	-	श्री हरिप्रकाश श्रेष्ठ
सदस्य	-	श्री मंगलदास श्रेष्ठ

सल्लाहकारसमिति (का.उ.क्षे.व्य.स.)

प्रमुख सल्लाहकार	-	प्रा.डा.ऋषिराम पोखरेल
सल्लाहकार	-	श्री गोविन्दबहादुर श्रेष्ठ
सल्लाहकार	-	श्री रमेश सिग्देल
सल्लाहकार	-	श्री हीराभाइ होडा श्रेष्ठ